
# लेखापरीक्षण प्रतिवेदन

# नेत्रावती डवजोङ गाउँपालिका, धादिंग

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# नेत्रावती डवजोङ गाउँपालिका, धादिंग

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/318

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
नेत्रावती डवजोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
धादिङ।

**कैफियतसहितको राय**

हामीले यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ८ करोड ६२ लाख ७३ हजार, एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. २० लाख ७५ हजार र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ४ लाख ५ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु. ९२ करोड ४५ लाख ६१ हजार लेखापरीक्षण गरिएकोमा रू. ३ करोड ६७ लाख ५१ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. २ करोड १४ लाख १३ हजारको प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू. २ लाख ६६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३८ लाख, ६६ हजार, नियमित गर्नुपर्ने रु. १ करोड १२ लाख ६ हजार रहेको छ। गत वर्षसम्म रु.३ करोड २४ लाख २२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको

अद्यावधिक बेरुजू रु. ४ करोड ७७ लाख ६० हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नेत्रावती डवजोङ गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य वेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नेत्रावती डवजोङ गाउँपालिकाको व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक

पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।



( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८१ | ९६ | ३,६७,५०,७४८ | ० | ३० | २,१४,१३,१९९ | ० | ८१ | ६६ | १,५३,३७,५४९ | २,६६,०८२ | १,१२,०५,९५० | ३८,६५,५१५ | ० | ० | १,५०,७१,४६५ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| धादिङ | ३,२४,२२,००० | ० | ० | ३,२४,२२,००० | ० | १,५३,३७,५४९ | ४७७५९५४९ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ५८.३ | नेत्रावती डवजङ अस्पतालः | १,८६,०८३ |
| २ | २०८०/८१ | ६३ | शैक्षिक पूर्वाधार निर्माण | १,५४,०४९ |
| ३ | २०८०/८१ | ३८ | शैक्षिक पूर्वाधार निर्माण | ७,५८,४५९ |
| ४ | २०८०/८१ | ६९.३ | विज्ञान प्रयोगशाला अनुदान | १३,००,००० |
| ५ | २०८०/८१ | ६५ | विल भरपाइ वेगर खर्चः | १८,००० |
| ६ | २०८०/८१ | २९ | बढी ग्रेड रकम भुक्तानी | ६,४०६ |
| ७ | २०८०/८१ | ५७.१ | प्रदेश सशर्त अनुदान फिर्ता | १४,४३,३२४ |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८०/८१ | ६८.१ | प्रदेश विशेष अनुदान फिर्ता | २०,५८,५९५ |
| ९ | २०८०/८१ | २५ | पदाधिकारी दोहोरो भत्ता | २,१०,००० |
| १० | २०८०/८१ | ४८ | नन फाईलर | ९०,४८२ |
| ११ | २०८०/८१ | ३३ | दोहोरो सञ्चार सुविधा | १२,००० |
| १२ | २०८०/८१ | ३१ | दोहोरो भत्ता | १,२०,००० |
| १३ | २०८०/८१ | २४ | कार्यालय हाजिरी समयमा गाडी भाडा | २७,००० |
| १४ | २०८०/८१ | २८ | कार्यालयमा भएको कार्यक्रमको अनुगमन भत्ता | ५,१०० |
| १५ | २०८०/८१ | १० | अनुदान फिर्ता | १,५०,०२,३६६ |
| १६ | २०८०/८१ | १८ | अनुगमन भत्ता | १६,५७५ |
| १७ | २०८०/८१ | १९ | IEMIS अभिमुखिकरण तालिम | ४,७६० |
| जम्मा | | | | २,१४,१३,२०० |

# (८०३३०५०८३०० - नेत्रावती डवजोङ गाउँपालिका, धादिंग )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** : स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्वेश्य रहेको छ । यस पालिकामा ५ वडा रहेको छ भने क्षेत्रफल १८१.७८ वर्ग किलोमिटर तथा १२ हजार १२५ जनसंख्या रहेको छ । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्वेश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५।१९ देखि २०८१ ।५।२२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. ९२ करोड ४५ लाख ६१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय विवरण परीक्षण

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) र वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ को समग्र संचित कोषको सम्बन्धमा निम्नअनुसार देखिएको छः

**आय व्यय विवरण :** स्थानीय तह सञ्चितकोष व्यवस्थापन प्रणाली अनुसार पालिकाले आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७०, प्राप्ति तथा भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन देहायनुसारको पेश गरेको छ ।

| आर्थिक संकेत | विवरण | जम्मा रु. |
|---|---|---|
| | राजस्व, अनुदान र अन्य प्राप्ति | |
| ११००० | कर | ६८०१६१८४.८३ |
| १३००० | अनुदान | २८४५३८५७६. |
| १४००० | अन्यराजस्व | ४३६६९५०.५३ |
| क | **कुलजम्मा प्राप्ति** | ३५६९२१७११.३६ |
| ३ | चालु | २१०५०७४७९.२ |
| २१००० | पारिश्रमिक / सुविधा | १००७६२४८७.९४ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | ८१९५२०३२. |
| २५००० | सहायता (Subsidy) | ० |
| २६००० | अनुदान | ७५६१५७०. |
| २७००० | सामाजिकसुरक्षा | १२९७२३९६. |
| २८००० | अन्यखर्च | ७२५८९९३.२६ |
| ४ | पूंजीगत | १४९२६६३६४. |
| ३१११० | भवनतथा संरचना | ७०३६५१२. |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ५००७५७७. |
| ३११३० | अन्यपूँजीगत खर्च | ४००२३८९. |
| ३११४० | सुरक्षाउपकरण | ७६१६००. |
| ३११५० | सार्वजनिकनिर्माण | १३२४५८२८६. |
| ३११६० | निर्मितसरचनाकोसुधार खर्च | ० |
| ३११७० | पूँजीगतसुधार खर्च | ० |
| ख) | **कुलजम्मा भुक्तानी** | ३५९७७३८४३.२ |
| ग) | **बचत /कमी (ग = क-ख )** | -२८५२१३१.८४ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट** (+/-) | १८४४६७७.५९ |
| घ.१) | **कट्टीरकम भुक्तानी/दाखिला गर्न बाकी** | |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | -१००७४५४.२५ |
| च) | **गतआ.व.को नगद तथा बैंक मौज्दात** | ५०८८४९३०.५७ |
| छ) | **विनिमयनाफा/घाटा तथा अन्य समायोजन** | |
| ज) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | ४९८७७४७६.३२ |

२.२

**वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०.१) तयार गर्नुपर्छ । पालिकाले स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणालीको अनूशुचि १४ मा अन्तरसरकारी अख्तियारी प्रविष्टि गरेको देखिन्छ तर उक्त आर्थिक कारोवारको सारांश स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०.१) मा चित्रण भएको देखिदैन । सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | निकासा/खर्च रु. |
|---|---|
| सामाजिक सुरक्षा तथा संरक्षण | ८६२७२८३५.५९ |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २०२५००० |
| गरिबसँग विश्वेश्वर कार्यक्रम | ४०५००० |
| जम्मा | ८८७०२८३५.५९ |

२.३ **फरक हिसाब** – पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०-१) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार फरक परेको देखिन्छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७०-१ (प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन) ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | ५०८८४९३०.५७ | ४५८८३७६६०.५४ | ४५९८४५११४.७२ | ४९८७७४७६.४० |
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०.१) | ५०८८४९३०.५७ | ३५६९२१७११.३६ | ३५९७७३८४३.२ | ४९८७७४७६.३२ |
| फरक | ०. | १०१९१५९४९.१८ | १०००७१२७१.५२ | ०.०८ |

२.४ स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्ति र भुक्तानी तथा मौज्दात रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । प्राप्त विवरण अनुसार यस स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ५०८८७२६९.५७ मौज्दात कायम भएकोमा पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार यो बर्षको शुरुमा रु. ५०८८४९३०.५७ जिम्मेवारी सारेको विवरण पेश गरेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. २३३९ घटी जिम्मेवारी सारेको सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ ।

२.५ सञ्चितकोष व्यवस्थापन प्रणाली (म.ले.प.फा.नं.२७०) को अनुशुची ३ अनुसार आन्तरिक आय रु. ६५६०७७३.५१ देखिएकोमा पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार रु. ६७२६२३६१.८५ देखिन्छ । जसअनुसार सञ्चितकोष व्यवस्थापन प्रणाली (म.ले.प.फा.नं.२७०) र एकिकृत आर्थिक विवरणबीच आन्तरिक आयमा रु. १६५४६३.३४ फरक परेको सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ ।

२.६ सञ्चितकोष व्यवस्थापन प्रणाली (म.ले.प.फा.नं.२७०), कोषको प्राप्ति, भुक्तानी र बाँकीको विवरण अनुसार विभिन्न कोषतर्फको प्राप्ति रु. ११४८०३२९.१० र भुक्तानी रु. ९८४९८३९ देखिएकोमा पालिकाले पेश गरेको एकीकृत आर्थिक विवरण अनुसार क्रमश: रु. ४९८०३२९.१ र रु. ६९०९८३८.९२ देखिन्छ । जसअनुसार सञ्चितकोष व्यवस्थापन प्रणाली (म.ले.प.फा.नं.२७०) मा उल्लेख भएको भन्दा घटी प्राप्ति रु. ६५००००० पेश गरेको सम्बन्धमा एकिन गर्नुपर्दछ।

२.७ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र)को बंकै तथा नगद बाँकीको प्रतिवेदन अनुसार देहायअनुसार विवरण पेश भएको छ ।

| खाताकोप्रकार | श्रेस्ता अनुसारबाकी रु | बैंक अनुसारबाकी रु |
|---|---|---|
| नगद | ० | |
| ग १.१, आन्तरिक राजस्व खाता | ० | ० |
| ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० |
| ग १.३, आन्तरिक अनुदान खाता | ० | ० |
| ग २.१, चालू खर्च खाता- विजोर वर्ष | २४२९४७६.४३ | १२२८०७८२.७३ |
| ग २.३, पूँजिगत खर्च खाता- विजोर वर्ष | ५१३४८१९. | ७४५१७१२. |
| ग ३.१, स्थानीय तह धरौटी खाता | ११२२५०५६.४९ | ११२२५०५६.४९ |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | १४६१८५१५.२६ | १४६१८५१५.२६ |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | ३००५४६२.६ | ३००५४६२.६ |
| ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ० | ० |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १२९५९४७.३२ | १२९५९४७.३२ |
| बैकं कारोबारमा भिन्नता (सञ्चित कोष खाता र खर्च खाता) | १२१६८१९९.२२ | |
| जम्मा | ४९८७७४७६.३२ | ४९८७७४७६.४ |

(क) स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।सञ्चित कोषको कारोवारको लेखा अध्यावधिक गरी कारोवारलाई पारदर्शी बनाउन आवश्यक देखिन्छ ।

(ख) लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता हार्ड कपी प्रमाणित गरी राखेको छैन।

(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ।

(घ) कार्यालयमा विविध कोष र धरौटी हिसाब रहेकोमा सोको आम्दानी, खर्च, मौज्दातको विवरण देखिने गरी आय-व्यय विवरण तयार नगरेकोले आम्दानी, खर्च र मौज्दात एकीन गर्न सकिएन ।

(ङ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकि बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक बर्ष समाप्त भएपश्चात पनि चालू खर्च खातामा रहेको रु. १२२८०७८२.७३ र पुजीगत खर्च खातामा रहेको रु. ७४५१७१२ मौज्दात रहेको विवरण पेश गरेकोले सो रकम सञ्चित कोषमा ट्रान्सफर गरी हिसाब मिलान गर्नुपर्दछ ।

(च) गत आर्थिक वर्ष २०७९।८० मा पालिकाले वित्तीय विवरण प्रस्तुत गरेपछि महालेखा नियन्त्रक कार्यालयले संचित कोषबाट रु ३६१५८१।८४ र कार्यसंचालन कोषबाट रु ६२४६२१८ घटाई संचित कोष एवं कार्यसंचालन कोषको मौज्दातमा परिवर्तन गरेकोमा पालिकाले उपर्युक्त अवस्थालाई संबोधन गर्न समायोजन नगरि वित्तीय विवरण तयार गरेको र वित्तीय विवरणमा सो विषयको खुलासा नगरेको एंव सुत्र प्रणालीमा गरिएको त्यस प्रकासको संशोधन उपर कुनै प्रतिक्रिया नजनाएको समेतबाट पालिकाको वित्तीय विवरणले यथार्थ अवस्थाको चित्रण गरेको छैन ।

२.८ **NPSAS मा आधारित आर्थिक विवरण तयार नगरेकोः-** महालेखा नियन्त्रक कार्यालयले २०८१/४/२८ मा सवै पालिकालाई नगदमा आधारित नेपाल सार्वजनिक क्षेत्र लेखामानदण्ड अनुसारको वित्तीय विवरण तयार गर्न परिपत्र गरेको छ।महालेखापरीक्षकको कार्यालयबाट एकिकृत वित्तीय प्रतिवेदन तयार गर्ने प्रयोजनको लागि ढाँचा समेत स्वीकृत गरेको छ। तर सो अनुसार प्राप्ति र भुक्तानीको तुलनात्मक विवरण तथा बजेटको तुलनात्मक विवरण तयार गर्नुपर्नेमा तयार गरेको पाइएन। पालिकाले नेप्सासमा आधारित वित्तीय विवरण तयार गर्नुपर्दछ ।

३ **आन्तरिक नियन्त्रण : यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् -**

३.१ **आन्तरिक नियन्त्रण प्रणालीः-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाइ विश्वसनिय बनाउन र प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

(क) स्थानीय सरकार सञ्चालन ऐन को २०७४ दफा ११ अनुसार पालिकाले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

(ख) आर्थिक कार्यविधि ऐन, २०७६ अनुसार पालिकाले एक आर्थिक वर्ष भित्र भएको बजेट तथा शिर्षकको अनुगमन तथा मुल्यांकन गरी भौतिक तथा वित्तिय नतिजाको मुल्यांकन गरी प्रतिवेदन तयार गरेको पाईएन ।

(ग) पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन ।

(घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

(ङ) स्थानीय तह संचालन ऐन २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।

(च) विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता भ्रमण भत्ता तालिम गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि तरिकाले खर्च गरेको पाईयो ।

(छ) पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता तथा PAMS मा तथ्यांक अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन।त्यसैगरी जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

(ज) मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको पाईयो ।

(झ) कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

(ञ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ५ बमोजिम खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

(ट) ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

(ठ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

(ड) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

(ढ) पालिकाले यसबर्ष विभिन्न उपभोक्ता समिति मार्फत विभिन्न योजनाहरु सञ्चालन गरी खर्च लेखेकोमा मान्यता प्राप्त हुने गरी ति समितिहरुको दर्ता गरेको पाइएन ।

(ण) सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन ।

(त) सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा २८ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

(थ) निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।

(द) मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक गरेको छैन। पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नुपर्दछ ।

(ध) पालिका र अन्तर्गत वडाहरुले प्रयोग गर्ने नगदि रसिदको अभिलेख राखि रसिद नियन्त्रण खाता अद्यावधिक गरेको देखिएन । ।

(न) दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

(ऩ) स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

(प) वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

(फ) कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी भुक्तानी दिनुपर्नेमा सोको पालना गरेको पाइन ।

(ब) उपभोक्ता समिति मार्फत सञ्चालन भएका अधिकांश योजनाहरुको डोर हाजिर फाराम प्रमाणित गरेको देखिएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३.२ **आन्तरिक लेखापरीक्षण**-स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।साथै दफा ३ मा आन्तरिक लेखापरीकले औल्याएका कैफियत सम्बन्धि अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै समपरीक्षण गराउनुपर्नेछ भनी उल्लेख छ ।साथै आन्तरिक लेखापरीक्षण (कार्यविधि) निर्देशिका, २०६८ को दफा १(६) को उपदफा (ख) मा प्रत्येक चौमासिक अवधि व्यतीत भएको एक महिनाभित्र अनिवार्यरुपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र सोही दफाको उपदफा (ग) मा आन्तरिक लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयलाई उपलब्ध

गराउनु पर्ने उल्लेख छ । पालिकाले आन्तरिक लेखापरीक्षकको पदपूर्ति नभएकोले लेखापरीक्षण हुन नसकेको जनाएको छ । कार्यालयले चौमासिक लेखापरीक्षण गरी सोको चौमासिक रुपमा प्रतिवेदन जारी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

पालिकामा आन्तरिक लेखापरीक्षक २०७६ सालमा नियुक्ति भै आएकोमा निजलाई २०७८ सालमा नै कार्यालयले सरुवाको सहमति दिई धुनिबेशी नगरपालिकामा पठाएकोमा उक्त दरबन्दी पदपूर्तिका लागि माग गरेर प्रदेश लोकसेवा आयोगमा पत्राचार नगरेकोले पालिकामा आन्तरिक लेखापरीक्षण रिक्त देखिएको छ । आन्तरिक नियन्त्रण प्रणालीको महत्वपूर्ण पक्षको रुपमा रहेको आन्तरिक लेखापरीक्षकको पद नै रिक्त राख्न र आन्तरिक नियन्त्रण प्रणाली कमजोर बनाउने उद्वेश्यले समयमा पदपूर्ति नगरेको देखिन आयो । यस्तो प्रवृतिले पालिकाको वित्तीय अनुशासनमा सहयोग नपुग्ने भएकोले अविलम्ब आन्तरिक लेखापरीक्षक पदपुर्ति गर्नुपर्ने देखिएको छ ।

३.३ **बेरुजु लगतः** पालिकाले बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको देहायका म. ले. प. फाराम मध्ये कार्यालयसँग सम्बन्धित फारामको अभिलेख राखेको छैन् । पालिकाले देहाय अनुसारको मलेप फारम प्रयोग गरी सोही ढाचाँमा लगत राख्नुपर्दछ ।
· म. ले. प. फाराम ८०१ – बेरुजु लगत राखेको देखिएन ।

- म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन तयार गरेको छैन ।
- म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख तयार गरेको छैन ।

म. ले. प. फाराम अद्यावधिक नहुदा वेरुजुको वास्तविक अवस्था एकिन नहुने हुँदा नियमानुसार सुधार गर्दै जानु पर्दछ ।

४ **बजेट तथा कार्यक्रम : यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।**

४.१ **रकमान्तर** : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन २०७६ को दफा २० योजना ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशिर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशिर्षकमा बचत रकम मध्येबाट रकमान्तर गर्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानिय सरकार संचालन ऐनको दफा ७९ मा स्थानिय निकायले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानिय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४ को नियम ३.१ मा पूँजिगत खर्चको रुपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ । यस वर्ष पालिकाले शिर्षकगत रुपमा एकमुष्ट रु. ६०६९०१५ रकमान्तर गरेको छ । यसले गर्दा कुन शिर्षकवाट कुन शिर्षकमा रकमान्तर भएको हो एकिन भएन । कानुनमा भएको व्यवस्थाको परिपालन गरी रकमान्तर गर्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ ।

४.२ **बजेट तथा कार्यक्रम तर्जुमा** : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन र बजेट तयार गर्नु भन्दा पहिले स्रोत अनुगमान तथा वजेट सिमा निर्धारिण समिति वनाउने, मध्यकालिन खर्च संरचना तयार गरी स्रोत सुनिश्चित गर्ने, बजेट निर्माण तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने आगामी बजेट तयार गर्दा साविकको उपलब्धीको विश्लेषण गर्ने योजना तथा कार्यक्रमको तथ्यांकको आधारमा प्राथमिकिकरण गर्ने विगत देखिको दायित्व बजेट निकासा खर्च र प्रगति विवरण जस्ता विषय ध्यान दिइ बजेट निर्माण गर्ने जस्ता पक्षलाई विचार गरी बजेट तर्जुमा गर्नु पर्ने व्यवस्था छ। बजेट निर्माण गर्दा स्थानिय आयोजना बैंकमा रहेका र प्राथमिकताक्रममा माथिल्लो श्रेणीमा रहेका आयोजनामा मात्र बजेट प्रस्ताव गर्नुपर्ने योजना तयार गर्दा गाँउटोलबाट वडामार्फत गर्नुपर्ने जस्ता व्यवस्था आंशिक मात्र कार्यान्वयन भएका छन । यस्ता व्यवस्थाको पुर्ण कार्यान्वयन गरी बजेटलाई गरिवी निवारण गर्ने आय आर्जन रोजगारी सिर्जना गर्ने उत्पादनमुलक क्रियाकलापमा विनियोजन हुनुपर्नेमा छिटो प्रतिफल नदिने, स्थानिय स्रोत साधनको प्रयोग नहुने सिमित व्यक्तिलाइ मात्र फाइदा हुने र गरिवी निवारण एवं रोजगारी सिर्जना नहुने वितरणमुलक कृयाकलापमा बजेट विनियोजन भएको अवस्था छ । स्थानिय सरकार संचालन ऐनको पुर्ण कार्यान्वयन गर्नुपर्दछ ।

४.३

**बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम अनुदान ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण साधनको सन्तुलित वितरणको खाका बजेटको कूल सीमा बजेटको क्षेत्रगत सीमा निर्धारण बजेट तथा कार्यक्रमको प्रथमिकिकरण विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ

४.४ **बजेट पेश पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले मिति २०८०।०३।१० गते रु. ४० करोड २६ लाख २६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०।३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छ ।

४.५ **त्रैमासिक खर्च**: आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रकम रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथौ त्रैमासिक | आषाढ महिना |
| पुँजगत खर्च | १४९२६६ | ९८०५ | ९६८२ | २५७८३ | १०३९९६ | ४५०२० |
| चालु खर्च | २१०५०७ | ५४३५० | ३९१२२ | ४६९१८ | ७०११६ | ४०४३० |
| जम्मा खर्च | ३५९७७४ | ६४१५६ | ४८८०५ | ७२७०१ | १७४११२ | ८५४४९ |
| खर्च प्रतिशत | | १७.८३ | १३.५७ | २०.२१ | ४८.३९ | २३.७५ |

**पालिकाले** उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.३५ करोड ९७ लाख ७४ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ६ करोड ४१ लाख ५६ हजार अर्थात १७.८३ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. ४ करोड ८८ लाख ५ हजारअर्थात १३.५७ प्रतिशत, तेश्रो त्रैमासिकमा रु.७ करोड २७ लाख १ हजारअर्थात २०.२१ प्रतिशत र चौथो त्रैमासिकमा रु १७ करोड ४१ लाख १२ हजार अर्थात ४८.३९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनैआषाढ महिनामा मात्र रु.८ करोड ५४ लाख ४९ हजार अर्थात २३.७५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

४.६ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृतसमानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| | | | जम्मा खर्चको तुलनामा |
| आर्थिक विकास | 17441985 | 15004465.4 | 4.17 |
| पूर्वाधार विकास | 109387500 | 102512592 | 28.49 |
| सामाजिक विकास | 183575500 | 157942976 | 43.9 |
| संस्थागत विकास सेवा प्रवाह र सुशासन | 11592500 | 11323112 | 3.15 |
| अन्य कार्यालय संचालन तथा प्रशासनिक | 82885900.3 | 72990697.4 | 20.29 |
| जम्मा | 404883385 | 359773843 | |

**उपरोक्त** विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ४३.९० प्रतिशत र संस्थागत विकास सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा ३.१५ प्रतिशत रहेको छ ।सन्तुलित रुपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ ।

४.७ **योजना प्राथमिकिकरण** - स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलकउत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु. १ लाख सम्म | रु. १ लाख देखि २ लाखसम्म | रु. २ लाखदेखि ५ लाखसम्मका | रु. ५लाख देखि १० लाखसम्मका | रु. १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ७ | १० | ५६ | ११ | १४ | ९८ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा. ९८ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र ८५ प्रतिशत योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

४.८ **गत बर्षको दायित्व भुक्तानी**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १३ मा चालु बर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने आधार र पर्याप्त कारण सहित सम्बन्धित कार्यालयले संलग्न बिल भरपाइ बमोजिम आगामी बर्ष भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी ७ दिन भित्र कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट प्रमाणित गराइ राख्नु पर्ने व्यवस्था छ । सोही नियमको उपनियम १५ मा अघिल्लो आ.व. को भुक्तानी दिन सकिने खर्चमा तलब स्वीकृत दरवन्दीको महंगी भत्ता,स्थानीय भत्ता,सरुवा, भ्रमण खर्च,घर भाडा,पोशाक,खाद्यान्न, औषधि उपचार बन्दीको सिधा सेवा निवृत्त सुविधा स्वीकृत बार्षिक कार्यक्रम समावेश भएको कुनै व्यक्ति फर्म संस्था वा कम्पनीसँग सम्झौता बमोजिमको रकम मात्र प्रमाणित गराइ भुक्तानी हुन सक्ने व्यवस्था छ ।पालिकाले यसवर्ष गत वर्षको भुक्तानी दिन वाँकी रु २१४२७४९७ यो वर्ष बजेटमा व्यवस्था गरी भुक्तानी गरेको छ । बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ ।

५ **प्रशासकीय संगठन तथा कर्मचारी व्यवस्थापन- यसमा देहायका व्यहोरा देखिएका छन् –**

५.१ **तलवि प्रतिवेदन पारित नगरेको** -निजामती सेवा ऐन २०४९ को दफा ७ (ख)(२) वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु. १२०२०७७३ तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित

नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।यस सम्बन्धमा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा औल्याईएको भएतापनि सुधार भएको देखिएन । कार्यालयले तलबी प्रतिवेदन पारित गर्न ध्यान दिनुपर्दछ ।

५.२ दरबन्दी र पदपूर्ति – स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिका र अन्तर्गतका निकायहरुमा प्रमुख प्रशासकीय अधिकृत सहित ६४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ४८ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका कृषि अधिकृत, पशु विकास अधिकृत लगायतका रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

५.३ **करार कर्मचारी**- स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ मा पालिकाले आफ्नो कार्यवोझ राजश्व क्षमताखर्चको आकार स्थानिय आवश्यकता र विशिष्टतालाइ समेत ध्यानमा राखी कर्मचारी समायोजन भएपछी संगठन तथा व्यवस्थापन सर्भेक्षणका आधारमा विषयगत शाखा महाशाखा रहेको संलग्न संरचना कायम गर्ने प्रमुख प्रशासकिय अधिकृतले गाउँपालिका वा नगरपालिकाको अधिकार क्षेत्र तथा कार्यवोझ समेतको विश्लेषण गरी स्थायी प्रकृतिको कामका लागि आवश्यक पर्ने सेवा करारमा लिइने कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलव भत्ता संचयकोष कट्टी रकम उपदान र निवृत्तिभरणको रकम औषधी उपचार सँग सम्बन्धित विदा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरेर खर्च सुनिश्चित गरेर दरबन्दी प्रस्ताव गर्न सक्ने व्यवस्था छ । सोही ऐनको उपदफा ८ मा उक्त दफामा जुनसुकै कुरा उल्लेख भएतापनि पालिकाले नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, प्लम्वर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाइ सम्बन्धीत पदमा स्थायी पदपुर्ति नगरी प्रतिस्पर्धाको आधारमा करार सेवाबाट मात्र पदपुर्ती गर्नुपर्ने र अन्य सेवामा करारबाट पदपुर्ति गर्न नपाउने व्यवस्था रहेको छ । पालिकाले विभिन्न स्वीकृत दरबन्दी र कार्यक्रम करार तथा स्वास्थ्य तर्फका प्राविधिक पदमा समेत ४४ जना कर्मचारीहरू करारमा राखि रु. १६८५०४१८ खर्च लेखेको छ । कार्यालयले स्थायी पदपूर्ति तर्फ ध्यान दिनुपर्दछ ।

५.४ **कर्मचारी प्रोत्साहन भत्ता :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६(२) बोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । अर्थ मन्त्रालयबाट प्रकाशित कार्य सञ्चालन निर्देशिका, २०७७ को नियम ७.१.५ मा सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारीलाइ साविकमा प्रदान गरिदै आएको पोशाक खर्च, महँगी भत्ता र स्थानिय भत्ता बाहेकका प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरे बापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता, खाना वा खाजा खर्च लगायत कुनै प्रकारको भत्ता प्रदान नगरिने उल्लेख छ ।त्यसैगरी सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड २०७८ को बुँदा नं ११ मा कुनै प्रकारका भत्ता प्रदान नगरिने उल्लेख छ । अर्थ मन्त्रालयको २०८०।८१ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन बुदा नं. ५९ मा कार्यालय अन्तर्गत विभिन्न मापदण्ड कार्यविधि निर्देशिकामा व्यवस्था गरी प्रदान गरिएका अतिरिक्त भत्ता प्रोत्साहन भत्ता र विशेष भत्ताहरु खारेज गरिएका हुँदा त्यस किसिका भत्ताहरु नदिने व्यवस्था छ । उल्लेख व्यवस्था विपरित पालिकाले अतिरिक्त समय कार्य गरेवापत मासिक ४ जना कर्मचारीलाई प्रोत्साहन स्वरुप रु. ५७९१९० र ५ जना कर्मचारीलाई सभाको समायमा अतिरिक्त गरेवापत प्रोत्साहन वापत रु. २३५९०९ गरी जम्मा रु. ६८००९९ खर्च लेखेको छ ।अतिरिक्त समय पुष्टि गर्न विद्युतीय हाजिरी र सूचकसहितको कार्यसम्पादन नतिजा, मूल्याङ्कन गरी भुक्तानी गर्ने व्यवस्था अपनाउनु पर्दछ ।

५.५ **कर्मचारी कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यसवर्ष कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको छैन । पालिकाले स्थानीय सेवाका कर्मचारीको मासिक १० प्रतिशत रकम कट्टा गरि कर्मचारी कल्याण कोषमा दाखिला गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

६ **सेवाप्रवाह विवरण**

स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियमनिर्देशिकाकार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार देहायबमोजिम सेवा प्रवाहको विवरण पेश गरेको छ ।

| जन्म दर्ता | मृत्यु दर्ता | बसाईसराई गएको | विवाह दर्ता | सम्बन्ध विच्छेद |
|---|---|---|---|---|
| ४१० वटा | १७८ वटा | ३७ वटा | २४० वटा | ५२ वटा |

पालिकाले व्यक्तिगत घटना दर्ताको मात्र प्रगति विवरण पेश गरेको तर समग्र उपलब्धीको विवरण तयार नगरेकोले यस सम्बन्धमा थप विश्लेषण गर्न सकिएन ।

७ **कानून र निर्देशिका निर्माण र कार्यान्वयन - यसमा निम्न व्यहोरा देखिएका छन् –**

७.१ **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिकाकार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८ वटा ऐन,४ वटा नियमावली,३६ वटा कार्यविधि,४ निर्देशिका र १ नर्म्स लगायत ५३ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले ऐनको मर्म अनुरुप आवश्यकताको आधारमा कार्यविधि निर्माण गरि लागु गर्नु पर्दछ ।

७.२ (क) **निर्देशिका तथा मापदण्डः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले कर्मचारी उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना क्षमता विकास सीप विकास आदिसँग सम्बन्धित तालिम गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू गरेको छैन । यसले गर्दा कार्यक्रम सञ्चालनमा जिम्मेवारी जवाफदेही खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउन सक्ने देखिएन । पालिकाले कार्यक्रम कार्यान्वयन सम्वन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

७.३ **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष कुल १२ विवाद दर्ता भएकोमा ७ वटा मात्र फछ्र्यौट भई ५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

८ **सम्पति व्यवस्थापन : यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।**

८.१ **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ९७९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्तिदायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेकोकम्प्युटरल्यापटपप्रिन्टरमोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

८.२

**सरकारी तथा सार्वजनिक जग्गा संरक्षणउपयोग तथा हक हस्तान्तरण** -स्थानीय सरकार सञ्चाल ऐन२०७४ को दफा ९७ मा पालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेखमर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन । पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत एकीन गर्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।

८.३ **जिन्सी सम्पतिको सुरक्षा**: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन२०७६ तथा अन्य प्रचलित कानूनले तोके अनुसार प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तीको लेखाङ्कन प्रतिवेदन संरक्षण र उपयोग गर्ने जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायको हुने व्यवस्था छ । मिति २०७६/२/१५ मा महालेखा परीक्षक कार्यालयबाट स्वीकृत सम्पत्तीको सकेत (Chart of Account) को आधारमा सम्पत्तीको लेखाकंन तयार हुने र स्वीकृत मलेप फारम अनुसार सम्पत्ती लेखाङ्कन तथा प्रतिवेदन हुने गरेको छ । २०७७ श्रावण महिना देखि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली PAMS लागू गरेको छ । पालिकाले कम्तिमा वार्षिक रुपमा एक पटक भौतिक परीक्षण गर्नुपर्नेमा नगरेकोआवधिक रुपमा गरेको जिन्सी सामानको भौतिक परीक्षण प्रतिवेदन बमोजिम लिलामी प्रकृया शुरु नगरेकोकर्मचारी सरुवा हुँदा जारी हुने रमानापत्र भण्डार शाखाबाट जारी हुने भण्डार स्वीकृतिपत्र प्राप्त गरे पछि मात्र हुनुपर्नेमा सो नगरेकोपालिकाले वैदेशिक सहयोगबाट प्राप्त गरेको वा कुनै ठेक्का सम्झौता अनुसार प्राप्त सम्पतिहरु कार्यालयको अभिलेखमा अद्यावधिक रुपमा अभिलेख नगरेकोजिन्सी अभिलेखका लागि तोकिएका मलेप फाराम ४०१ देखि ४१८ सम्म प्रयोग नगरेको पाईयो । यसबाट जिन्सी आम्दानी र खर्च व्यवस्थित छ भन्न सकिने आधार देखिदैन । पालिकाले सवै मलेप फारमहरु प्रयोगमा ल्याई हालसम्मको जिन्सी आम्दानी तथा हुने खर्चलाई PAMS प्रविष्टी गरी पेश गर्नुपर्दछ ।

८.४ **मालसामानको गुणस्तरः** सार्वजनिक खरिद नियमावली२०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्नेनिरीक्षण वा परीक्षण गर्ने निकायअधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्नेत्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नामप्रतिशतस्पेसिफिकेशननिरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

## ९ राजस्व व्यवस्थापन- यसमा निम्न व्यहोरा देखिएका छन् -

९.१ **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन२०७४ को दफा ५५५७५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा करघरजग्गा वहाल करव्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ

| शीर्षक | वार्षिक अनुमानित आय | आम्दानी |
|---|---|---|
| ११३१३ - सम्पती कर | २०००००. | २६००८६.२ |
| ११३१४ - भुमिकर/मालपोत | १२०००००. | ५७९०१५.६ |
| ११३१७ - वहाल कर | ४०,०००.०० | ५०१३८३.३ |
| ११६११ - व्यवसायले भुक्तानी गर्ने | ० | १५५०. |
| ११६९१ - अन्य कर | ६०००००. | २४९०५.२७ |
| १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ० | ६८६८३७.०९ |
| १४२४३ - सिफारिश दस्तुर | २५०००००. | २४२९२७१.०५ |
| १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ४०००००. | १४८७००. |
| १४२४५ - नाता प्रमाणित दस्तुर | ० | १०००. |
| १४२४९ - अन्य दस्तुर | ० | ४१५७३५. |
| १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३०,०००.०० | २२३८०. |
| १४५२९ - अन्य राजस्व | ० | ७०५. |
| १४६११ - व्यवसाय कर | ७०,०००.०० | ४९२०५. |
| ३२१२२ - बैंक मौज्दात | २२७८२९१०.२६ | ०. |
| १३४११ - अन्य संस्थागत आन्तरिक अनुदान | १५१७५००. | १४४००००. |
| जम्मा | २९३४०४१०.२६ | ६५६०७७३.५१ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

९.२ **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत कर सेवा शुल्क दस्तुर वापत अनुमानित रु. २९३४०४१० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।०८१ मा रु ६५६०७७३ अर्थात अनुमान भन्दा ७८ प्रतिशत घटि आय प्राप्त गरेको छ । आम्दानीका स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

९.३ **राजश्व दाखिलामा जरीवाना** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७४ को दफा ७६ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशत का दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ । वडाले राजश्व वापत असुलि रकम समयमा दाखिला नगरेकोमा १० प्रतिशत जरिवाना समेत असुल हुनुपर्नेमा भएको देखिएन ।पालिकाले असुली रकमको दाखिला मिति एकिन गरी नियमानुसार लाग्ने जरिवाना लगाउनु पर्दछ ।

९.४ **सवारी कर :** स्थानीय सरकार संचालन ऐन२०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने लक्ष्य राखेको छ।

हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

**मनोरञ्जन कर :**स्थानीय सरकार संचालन ऐन२०७४ को दफा ६४ बमोजिम सिनेमाभिडियो हलसांस्कृतिक प्रदर्शन हलसंगितथियटरमनोरञ्जनप्रदर्शन स्थलऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८०।०८१ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाइएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नु पर्दछ ।

**व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन२०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर संकलन शुन्य रहेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन् । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

९.५ **स्थानीय तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक भौगोलिक अवस्था प्राकृतिक श्रोत अन्तर्गत खानी जंगल तथा अन्य श्रोत पूर्वाधार अन्तर्गत सडक पुल खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना बजेट प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

९.६ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।०८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| संघ र प्रदेश सरकारबाट प्राप्त रकम | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३५०३६०९३७ | ६५६०७७३ | १.८७ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.८७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१० **अनुदान प्राप्ती वितरण उपयोग र फिर्ता - यसमा निम्न व्यहोरा देखिएका छन् -**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१५,००२,३६६.२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

११ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविध शीर्षकबाट रु. ३५४८४५५ खर्च गरेकोमा अधिकांश खर्च खाना, खाजा, गाडी भाडा प्रयोजनका लागिगरेको देखिन्छ । खाना खाजामा खर्च लेख्दा उक्त खर्चको प्रयोजन, अतिरिक्त समयको काम तथा अवस्था खुल्ने गरि गर्नुपर्नेमा सो गरेको देखिएन । जसले गर्दा उक्त खर्च यथार्थपरक रहेको सम्बन्धमा यकिन गर्न सकिएन । साथै

अधिकांश खर्चलेख्दा बिल, भरपाई, प्रमाण र कागताज संलग्न नरहेकोले कुन प्रयोजनका लागि गरेको सो समेत खुल्दैन । पालिकाले यस प्रकारको खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। केही उदाहरण देहायबमोजिम छन् ।

| गो भौ नं मिति | खर्च शिर्षक | रकम |
|---|---|---|
| ३६-२०८०/६/२३ | खाजा खर्च | १,२०,००० |
| १०९-२०८०/१०/५ | खाजा खर्च | ९१,६०० |
| २८९/२०८१/३/२३ | खाजा खर्च | ३६,९७० |

१२ **खरिद व्यवस्थापन : यसमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :**

**(क) बार्षिक खरिद योजना/गुरुयोजना :** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद गर्नुपर्दछ ।

**(ख) खरिद कारवाही अभिलेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

**(ग) ठेक्का अभिलेख :** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१३ **बैठक भत्ता र पत्रपत्रिका,छपाई तथा सूचना प्रकाशन खर्च**

पालिकाले यस वर्ष बैठक भत्ता र पत्रपत्रिका छपाई तथा सूचना प्रकाशनमा गरेको खर्च सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजमि छन् ।

१३.१ **बैठक भत्ता** : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकालेवडा समितिको बैठक, परीक्षा समितिको बैठक, स्वास्थ्य कार्यक्रमको मासिक बैठकलगायतको बैठक बसी पदाधिकारी बैठक

भत्ता शीर्षकबाट रु. २२००००० र कर्मचारी बैठक भत्ता शीर्षकबाट रु. १४९१८६५ गरी जम्मा रु. ३७९१८६५ खर्च लेखको देखियो । पालिकाले स्पष्ट बिषयवस्तु र कार्ययोजना बेगर बैठक बसी भत्ता खर्च लेख्ने कार्यमा मितव्ययिता कायम गर्नुपर्दछ।

१३.२ **पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन:** सार्वजनिक खरिद नियमावली२०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्यमालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु १३७६९३०खर्च गरेको छ । खर्च गर्दा अधिकासंमा कार्यआदेश दिएको देखिदैन। यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ । साथै यस प्रकारका खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

१४ **खर्चमा मितव्ययिता कायम गर्नु पर्नेः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा मितव्ययी तवरले गर्नुपर्नेमा पालिकाले निम्नानुसार खर्च लेखेकोमा देखिएका व्यहोरा देहायानुसार छन् ।

१४.१ **अनुगमन तथा भ्रमण खर्च** भ्रमण खर्च नियमावली २०६४ मा कार्यालयबाट भ्रमण आदेश लिई भ्रमण गर्ने कर्मचारीका सम्वन्धमा म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष भ्रमण तथा अनुगमन मुल्याङ्कन कार्यमा रु. ५६२२१०खर्च गरेको देखिन्छ ।यस सम्बन्धमा देखिएका व्यवहोराहरु देहायमा उल्लेख छ।

· विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेपनि भ्रमण अभिलेख राखेको छैन ।

· भ्रमण प्रतिबेदन संलग्न गरेपनि उक्त प्रतिवेदन यथार्थपरक रहेको देखिएन। यसबाट भ्रमण कार्य प्रभावकारी भयो भन्ने आधार भएन।उक्त खर्च गर्दा भ्रमण गर्ने व्यक्तिको स्पष्ट व्यहोरा देखिने गरि अभिलेख राखेको छैन । यसबाट आर्थिक वर्षको अन्तमा कर्मचारी भ्रमण अवस्थाको मुल्याङ्कन गर्न सक्ने देखिएन । साथै भ्रमणबाट निर्धारित उदेश्य प्राप्त भए नभएको साथै खर्च प्रभावकारी भए नभएको यकिन गर्न सकिएन । पालिकाले भ्रमण अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ ।

· अधिकांश भ्रमणको उद्वेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

अतः स्पष्ट प्रयोजन र उद्वेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमणमा खर्च भएको रकम सदुपयोग भएको हो भनि विश्वस्थ हुन सकिएन । तसर्थ तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ

१४.२ **सवारी मर्मत खर्च** – बाग्मती प्रदेश प्रदेश आर्थिक कार्यविधी ऐन २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ । पालिकाले सवारी मर्मतमा गरेको खर्च सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् ।

· पालिकाले सवारी साधन मर्मत ईन्धन खपतको अवस्था जस्त व्यहोरा खुल्नेगरी म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नु पर्दछ । लेखापरीक्षणको क्रममा परीक्षण गर्दा लगबुक राखेको पाईएन तथा समय क्रम अनुसारको अभिलेक दुरुस्त हुनेगरी अध्यावधिक गरेको पाइएन । सवारी साधनको वास्तविक अवस्था खुल्ने गरी म. ले. प. फाराम ९०५ अध्यावधिक गर्नु पर्दछ ।

पालिकाले सावारी साधन तथा मेशिनरी मर्मत गर्दा म. ले. प. फाराम ९०६ बमोजिमको मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले पालिकले पालिकाले सावारी साधन तथा मेशिनरी मर्मतमा यस वर्ष रु. ३२३४००० खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन । यसवाट यस्ता साधन विस्थापित तथा लिलाम गर्दा साथै वित्तिय विवरणमा वास्तविक मुल्य लेखाङ्कन गर्न समस्या हुने देखिन्छ । यस्तो असर उत्पन्न नहुने गरी सुधार गर्नुपर्दछ । साथै यस प्रकारका खर्चमा मितव्ययीता कायम गर्नु पर्दछ ।

१४.३ **इन्धन खर्च-** सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका२०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी पर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ। कार्यालयले यो बर्ष पदाधिकारी इन्धन खर्च शिर्षकबाट रु. १३४७४०४, कार्यालय प्रयोजन इन्धन शीर्षकबाट रु. ७००००० र अन्य प्रयोजन शीर्षकबाट रु. १०००००० गरी जम्मा रु. ३०४७४०४ र कन्टेन्जेन्सी खर्च समेतबाट इन्धन खर्च भुक्तानी गरेको छ ।२ वटा हलुका सवारी साधन रहेको र सवारीसाधनको सुविधामा पाउने पदाधिकारी २ जना मात्र रहेको अवस्थामा कोटा वमोजिम पाउने सुविधा वाहेकको इन्धन खर्च कार्यालयको काममा मात्र प्रयोग भएको हो भन्न नसकिने भएकोले यस्तो खर्च छानविन गरी एकिन गरिनु पर्दछ । गाउँसभाले प्रदेशको सुविधा सम्बन्धी व्यवस्थामा ८०।८० लिटरको व्यवस्था भएता पनि अध्यक्षलाई मासिक २५० लिटर, उपाध्यक्षलाई मासिक २०० लिटर कायम गरी कायम गरी इन्धन खर्चको मापदण्ड निर्धारण गरेको छ । त्यसैगरी कर्मचारीहरु तर्फ पनि कुन तहको कर्मचारीलाई कति सम्म इन्धन दिने भनि निर्णय वेगर इन्धन खर्च लेखेको छ । कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत लगत अद्यावधिक गरी खर्च मितव्ययि गर्ने तर्फ ध्यान दिनुपर्दछ। महालेखा नियन्त्रक कार्यालयबाट इन्धन खर्च सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टी गर्नुपर्ने भनी निर्देशन गरेकोमा प्रविष्टी गरेको पाईएन । प्रचलित कानूनी व्यवस्थाको पालना गरी PAMS मा प्रविष्टि गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।साथै बागमती प्रदेश सभाले स्थानियतहका पदाधिकारीको सेवा सुविधा निर्धारण गरेको छ। तर पालिकाले प्रदेशसभाले व्यवस्था गरेको भन्दा वढी हुने गरी मापदण्ड र दर तोकी इन्धन सुविधा प्रदान गरेको छ। त्यसै गरी पालिकाले इन्धन उपलब्ध गराउदा एकद्वार प्रणाली नअपनाई अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत तथा भण्डार शाखाले इन्धनको कुपन उपलब्ध गराउने गरेको पाइयो। पालिकाले जेसिवि सञ्चालन गरेकोमा सोको लागि के, कतिर कहाँ कसरी सञ्चालन भएको हो निर्माण व्यवसायी एवं उपभोक्ता समितिलाई भाडामा लगाएको भए सो सञ्चालन खर्च र प्राप्त आम्दानी विच तुलना गर्न सकिने गरी हिसाव राखेको छैन।पालिकाले पदाधिकारीलाई दिएको मापदण्ड अनुसारको इन्धन खर्च (लिटर) अनुसार कुल खर्च भिडेको छैन। एकद्वार प्रणालीबाट कुपन काट्ने, जनप्रतिनिधिले कुपन नकाट्ने र खर्चमा मितव्ययीता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१४.४ **मसलन्द तथा कार्यालय सामग्री खर्चः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शिर्षकमा यस वर्ष रु. ११२७१२६ खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

## १५ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यस आर्थिक वर्षमा फस्र्यौट गर्न पेश्की बाँकी नरहेको विवरण पेश गरेको छ ।

## १६ फर्निचर खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान

भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद गर्नुपर्नेमा यो वर्ष देहायबमोजिमका आपुर्तिकर्ताबाट टुक्रा पारि पटक पटक फर्निचर तथा फर्निसिङ्ग लगायतका खरिद कार्य गरीरु. १२८९९७०भुक्तानी गरेको देखिन्छ ।कार्यालयले यस सम्बन्धमा हिउँदे अधिवेसन मार्फत बजेट बिनियोजन भएकोले पटकपटक खरिद गरिएको जनाएको छ ।

| भौ.नं. | योजना | आपुर्तिकर्ता | भुक्तानी रु |
|---|---|---|---|
| २९।२०८०।९।२४ | फर्निचर तथा फिक्चर्स | धादिङ् फर्निसिङ् सेन्टर | ९८९९७० |
| १३३।२०८१।२०८१।२।१७ | गाउँपालिका क्यान्टिनमा फर्निचर खरिद | गणेश कुण्ड स मिल | ३००००० |
| जम्मा | | | १२८९९७० |

१७ **वर्षान्तमा खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ३४ र ३५ मा तोकिएका कार्यक्रम तथा खरिद कार्यहरु चौमासिकरुपमा कार्यान्वियन गरी सोको प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले चौमासिकगत रुपमा खरिद योजना बमोजिम खरिद कार्य नगरी २०८० असार मसान्तमा बढी खरिद खरिद गरेको पाईयो । वर्षान्तमा हुने खरिद कार्य नियन्त्रण गरी चौमासिकरुपमा खरिद योजना तथा कार्यक्रम बमोजिम खरिद कार्य गर्नु पर्दछ ।

१८ **अनुगमन भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **३,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **३,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **३,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **३,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१९ **IEMIS अभिमुखिकरण तालिम**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **४,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

२० **घर भाडा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली२०७७ को नियम ३९(१०) अनुसार कारोबारको खर्च बमोजिमको आवश्यक बिलभरपाई र अन्य कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ । पालिकाले निलकण्ठ नगरपालिका वडा नं ३, धादिङ्गबेसीमा घर भाडमा लिई पार्वती थापालाई रु. मासिक रु १०५००का दरले रु. १२६००० भुक्तानी गरेको देखियो । उक्त घरभाडा आवश्यकता र प्रयोजन सम्बन्धमा पालिकाले उल्लेख गरेको छैन । आवश्यकता र प्रयोजना वेगर जिल्ला सदरमुकाममा घर भाडा लिई खर्च गरेको नियमित नदेखिएको रु.......... १२६०००

| | |
|---|---|
| अनियमित भएको | १,२६,००० |

२१ **मोटरसाइकल हराएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन२०७६ तथा अन्य प्रचलित कानूनले तोके अनुसार प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तीको लेखाङ्कन प्रतिवेदन संरक्षण र उपयोग गर्ने जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायको हुने व्यवस्था छ । कार्यलयको जिन्सी निरीक्षण प्रतिवेदनमा १ (एक) मोटरसाइकल हराएको व्यहोरा उल्लेख गरेको देखिन्छ ।उक्त मोटरसाइकलको नम्बर पालिकाले उपलब्ध गराएको छैन । मोटरसाइकल कुन पदाधिकारी तथा कर्मचारीले प्रयोग गरिरहेको र कुन ठाउँबाट हराएको र खोजि कार्य सम्बन्धमा प्रक्रिया अगाडी बढाएको देखिएन । कार्यलयले उक्त मोटरसाइकल खोजि प्रक्रिया अगाडि बढाई आफ्नो हक स्वामित्वको सम्पत्ती संरक्षणमा ध्यान दिनुपर्दछ ।

२२ **मापदण्ड विपरित सवारी भाडा**

सार्वजनिक खर्चलाइ मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड २०७८, को दफा ९ को उपदफा १ मा सवारी साधनको सुविधा प्रयोग गर्ने सुविधा प्राप्त पदाधिकारीलाई प्रचिलत कानून वा नेपाल सरकरले तोकेको अवस्थामा बाहेक एकभन्दा बढी सवारी साधन उपलब्ध गराइने छैन । साथै उपदफा ५ मा सवारी साधानको उपयोग र व्यवस्थापन गर्दा सवारी साधन सम्बन्धी नेपाल सरकारबाट स्वीकृत मापदण्ड अनिवार्य रुपमा पालना गर्नु पर्ने उल्लेख छ । पालिकाले पदाधिकारी तथा कर्मचारीलाई दुई पाङ्ग्रे सवारी साधन १५ वटा र चार पाङ्ग्रे सवारी साधन २ वटा उपलब्ध गराई ति सवारी साधनमा मासिक रुपमा इन्धन वापत रु. ३०४७४०७र मर्मत वापत रु. ३२३४००० खर्च गरेको देखिन्छ । कार्यालयले पदाधिकारी तथा कर्मचारीलाई नियमित सवारी इन्धन तथा मर्मत खर्च उपलब्ध गराएको अवस्थामा पदाधिकारी तथा कर्मचारीले कार्यालयका नियमित बैठक, तालिम, योजना माग लगायका प्रयोजनका लागि सवारी भाडामा लिई विभिन्न मितिमा ८००० देखि १५००० का दरले खर्च गरेको देखिन्छ । उक्त खर्च रकमको एकीकृत अभिलेख लेखापरीक्षणको क्रममा माग गरिएकोमा पालिकाले पेश गरेन। सरकारी रकम खर्च गर्दा मितव्ययिता अपाउनुपर्नेमा कार्यालयले अधिक व्ययभार पर्ने गरी बैठक, तालिममा सहभागि हुने जस्ता प्रयोजनका लागि खर्च गर्ने प्रवृतिमा नियन्त्रण गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

२३ **स्थानिय भत्ता**

नेपाल सरकार, अर्थ मन्त्रालयलेच.नं. ५, मिति २०७१/४/२ मा जारी गरेको तलव तथा सुविधा सम्बन्धी पत्रमा स्थानिय भत्ता प्रयोजनको लागि स्थान बर्गिकरणगरी क, ख, ग, घ र ङ जिल्लाहरुको विभाजन गरेको छ । जसअनुसार धादिङ्ग जिल्ला ङ बर्गीकरणमा पर्ने देखिन्छ । अर्थ मन्त्रालयको पुन च.नं. ६८, मिति २०७१।५।२ को परिपत्र अनुसार च.नं. ५, मिति २०७१।४।२ को परिपत्र कार्यान्वयन नगरी साविक बमोजिम नै स्थानीय भत्ता प्रदान गर्नुपर्ने उल्लेख छ । जसअनुसार सो भन्दा अगाडीको परिपत्र भन्नाले २०६६। ४।९ को अर्थमन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाको परिपत्रलाई आधार मानेरस्थानीय भत्ता दिएको अवस्था छ । उक्त पत्रको स्पष्टिकरण खण्डको बुदा नं. २ मा घ बर्गको ६ कोष भन्दा माथिको दर पाउने जिल्लाकोगाउँ विकास समितिहरुमा धादिङ जिल्लाको वुढाथुम, लापा, फुलखर्क, रिगाँउ, सेर्तुङ, टिप्लङ, झारलाङ, दार्खा र बसेरी गाविस उल्लेख गरेको छ । उल्लेखित साविकका गाविस यस पालिका अन्तर्गतको क्षेत्र नपर्ने भएकोले स्थानिय भत्ता भुक्तानी गर्ने कानूनी आधार नदेखिएकोले पालिकाले देहायका कर्मचारीलाई तलबि विवरणसँगै देहाबमोजिमको दरमा भुक्तानी गरेको स्थानीय भत्ता पाउने आधार, प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| सि नं | नाम | तह | बुझेको दर | पाउने दर | फरक दर | महिना | वार्षिक | करट्टी पछी बुझेको रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | हरेराम शाह | प्र प्र अ | ११८१० | १२९० | १०५२० | १२ | १२६२४० | १२४९७८ |
| २ | टिकाराम अधिकारी | ७ | ११८१० | १२९० | १०५२० | १२ | १२६२४० | १२४९७८ |
| ३ | नमराज काफ्ले | ७ | ११८१० | १२९० | १०५२० | १२ | १२६२४० | १२४९७८ |
| ४ | सोनेलाल शाह | ५ | ७७१० | ९३० | ६७८० | १२ | ८१३६० | ८०५४६ |
| ५ | ज्ञानेन्द्र राज दाहाल | ५ | ७७१० | ९३० | ६७८० | १२ | ८१३६० | ८०५४६ |
| ६ | डोल माया तामाङ | ५ | ७७१० | ९३० | ६७८० | १२ | ८१३६० | ८०५४६ |
| ७ | मनिषा घिमिरे | ५ | ७७१० | ९३० | ६७८० | ६ | ४०६८० | ४०२७३ |
| ८ | राजकुमार श्रेष्ठ | ५ | ७७१० | ९३० | ६७८० | १२ | ८१३६० | ८०५४६ |
| ९ | कैलास रमण भट्ट | ५ | ७७१० | ९३० | ६७८० | १२ | ८१३६० | ८०५४६ |
| १० | निर्मल चौधरी | ५ | ७७१० | ९३० | ६७८० | १२ | ८१३६० | ८०५४६ |
| ११ | राकेश भुल | ५ | ७७१० | ९३० | ६७८० | १२ | ८१३६० | ८०५४६ |
| १२ | सुमन श्रेष्ठ | ४ | ६४६० | ७९० | ५६७० | १२ | ६८०४० | ६७३६० |
| १३ | उमेश वोहोरा | ४ | ६४६० | ७९० | ५६७० | १२ | ६८०४० | ६७३६० |
| १४ | खगेन्द्र प्रसाद जोशी | ५ | ६४६० | ९३० | ५५३० | ४ | २२१२० | २१८९९ |
| १५ | जीवन लामा तामाङ | ६ | ११८१० | १२९० | १०५२० | ५ | ५२६०० | ५२०७४ |
| १६ | मधु धमला क्षेत्री | ५ | ७७१० | ९३० | ६७८० | १२ | ८१३६० | ८०५४६ |
| १७ | मञ्जु थापा | ५ | ७७१० | ९३० | ६७८० | १२ | ७३९५३ | ७३२१३ |
| १८ | कविता बोगटी | ५ | ७७१० | ९३० | ६७८० | १२ | ६८०४० | ६७३६० |
| १९ | अनिल बहादुर बुढा | ४ | ६४६० | ७९० | ५६७० | १२ | ६८०४० | ६७३६० |
| २० | प्रगती शर्मा | ४ | ६४६० | ७९० | ५६७० | १२ | ६८०४० | ६७३६० |
| २१ | सरस्वती सुनार | ४ | ६४६० | ७९० | ५६७० | १२ | ६८०४० | ६७३६० |
| २२ | सविता यादब | 4 | ६४६० | ७९० | ५६७० | ११ | ४४३३० | ४३८८७ |
| २३ | मेम्बर तमाङ | सहयोगी | ४७३० | ७०० | ४०३० | १२ | ४८३६० | ४७८७६ |
| २४ | शुशिला ड्याङ्जो | सातौ | ११८१० | १२९० | १०५२० | ६ | ६३१२० | ६२४८९ |
| २५ | माधव अधिकारी | ५ | ७७१० | ९३० | ६७८० | ७ | ४७४६० | ४६९८५ |
| २६ | दुर्गा पाण्डे | ५ | | | | ७ | ४१४९१ | ४१०७६ |
| | | | | | | | | १८५३२३४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,५३,२३४ |

२४ **कार्यालय हाजिरी समयमा गाडी भाडा**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **२७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२५ **पदाधिकारी दोहोरो भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **१३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२६ **पदाधिकारी सुविधाः**

२६.१ **दोहोरो यातायात सुविधा**

स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को अनुसुची १(क) मा पालिकाका पदाधिकारीलाई यातायात खर्च मासिक रु. १०००० प्रदान हुने र सवारी उपलब्ध नभएमा मासिक यातायात खर्च पाउने व्यवस्था छ । साथै यातायात सुविधा पाएमा यातायात खर्च नपाउने उल्लेख रहेको छ । गाउँपालिका उपाध्यक्ष श्री सितामाया गुरुङ्गले मासिक यातायात सुविधा लिएको अवस्थामा साउन र भदौ महिनाको विभिन्न समयको लगवुक भरी विभिन्न स्थानको भ्रमण गएको समयको भनि गो.भौ.नं १५३-२०८०/१२/१४ रु. ११४००० रुपैया भुक्तानी लिएको देखिन्छ । यसरी सुविधा दिँदा उपाध्यक्षले कार्यालय अन्तर्गतका योजना अनुगमन गर्दा प्रयोग भएको सवारी साधनको लागि हो वा अन्य प्रयोजनमा हो खुलाएको छैन । तसर्थ सो कुरा खुलाई दोहोरो सुविधा नदिएको आधार प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१४,००० |

२६.२ **सुविधा रकम**: स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गतेबाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जस अनुसार बाग्मति प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐनको प्रथम संशोधन गरी राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भएको सूविधामा रु ४३ लाख ३८ हजार खर्च लेखेको देखिन्छ ।

२७ **ईलेक्ट्रोनिक सामाग्री खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद गर्नुपर्नेमा यो वर्ष

देहायबमोजिमका आपुर्तिकर्ताबाट टुक्रा पारि पटक पटक टि.भि, सि.सि.टि.भि लगायतका खरिद कार्य गरीरु. १४५९३७५ भुक्तानी गरेको देखिएकोले पटकपटक खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| भौ.नं. | योजना | आपुर्तिकर्ता | भुक्तानी रु |
|---|---|---|---|
| १५।२०८०।६।२३ | Smart tv लगायतका सामग्री | एस बि सप्लायर्स एण्ड ट्रेड सेन्टर प्रा.लि | ६९७७७५ |
| २५।२०८०।९। १९ | CCTV लगायतक सामाग्री | सु समर्पण कम्प्युटर एण्ड मोबाइल एप | ७६१६०० |
| जम्मा | | | १४५९३७५ |

२८ **कार्यालयमा भएको कार्यक्रमको अनुगमन भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२९ **बढी ग्रेड रकम भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **६,४०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३० **बढी अवधिको पदाधिकारी भ्रमण भत्ता**

स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन २०७५ लाइ संसोधन गर्न बनेको ऐनको दफा ५ मा पालिका प्रमुखले भ्रमण गर्नुपरेमा ३ दिन सम्म भए स्वयं व्यक्तिले स्वीकृत गर्ने र सो भन्दा बढी दिनको लागि भएमा कार्यपालिकाबाट भ्रमण स्वीकृत वा अनुमोदन गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले गाउँपालिका अध्यक्षलाई देहायबमोजिमको तीन दिन भन्दा बढी अवधिको भ्रमण भत्ता उपलब्ध गराएकोमा उक्त भ्रमाण कार्यपालिका बैठकबाट भ्रमण स्वीकृत वा अनुमोदन गरेको नदेखिएकोले अनियमित देखिएको रु.

| गो भौ नं मिति | नाम | भ्रमण अवधि | रकम |
|---|---|---|---|
| १०५/ २०८०/९/२६ | मेघनाथ रिजाल | मंसिर १५ देखि २१ | १०००० |
| | | पौष १ देखि ७ | १०००० |
| १४३-२०८०/११/२३ | मेघनाथ रिजाल | मंसिर १ देखी ७ | १०००० |
| | | माघ ८ देखि १४ | १०००० |
| | | फागुन ६ देखि १२ | १०००० |
| | | फागुन २० देखी २६ | १०००० |
| २९५/२०८१/३/२३ | मेघनाथ रिजाल | चैत्र २२ देखी २८ | १०००० |
| | | असार १० देखी १६ | १०००० |
| | | असार २० देखी २६ | १०००० |
| | | जेठ ४ देखि १० | १०००० |
| | | बैशाख १५ देखी २२ | १०००० |
| ५३-२०८०/६/२५ | मेघनाथ रिजाल | साउन २५ देखी ३१ | १०००० |
| | | भाद्र १५ देखी २१ | १०००० |
| | | भदौ ५ देखी ११ | १०००० |
| | | आश्विन ६ देखि १२ | १०००० |
| | | आश्विन २४ देखी ३० | १०००० |
| जम्मा | | | १६०००० |

| | |
|---|---|
| अनियमित भएको | १,६०,००० |

३१ **दोहोरो भत्ता**

( ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **३७,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **३७,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ३२ स्टेशनरी सामान खरीद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद गर्नुपर्नेमा यो वर्ष देहायबमोजिमका आपुर्तिकर्ताबाट टुक्रा पारि पटक पटक स्टेशनरी सामाग्री खरिद गरेकोले पटक पटक खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| गो भौ नं मिति | विवरण | नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| ३१-२०८०/६/२३ | स्टेसनरी सामान | पंजी सप्लायर्स प्रा लि | १०००००० | ढुवानी रु. २०००० |
| १२-२०८१/३/२० | स्टेसनरी सामान | निलकण्ठ प्रेश एण्ड स्टसनरी | ३९५१०४ | |
| १७४-२०८१/१/५ | स्टेसनरी सामान | देव सप्लायर्स | ९९९६३३ | ढुवानी रु.२४५०० |
| जम्मा | | | २३९४७३७ | |

## ३३ दोहोरो सञ्चार सुविधा

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

## ३४ अनुत्पादक खर्च

स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी,प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्नुपर्ने उल्लेख छ । कार्यलयले यस वर्ष देहायबमोजिमका वितरणमुखी, अध्ययन अवलोकन, अनुत्पादक लगायतका क्षेत्रमा बजेट बिनियोजन गरी खर्च गरेको देखिन्छ । यस प्रकारको अनुत्पादक खर्चमा नियन्त्रण गर्दै पालिकाले स्थानीय तहको प्राथमिकताप्राप्त योजना तथा कार्यक्रममा खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| गो भौ नं मिति | विवरण | नाम | रकम |
|---|---|---|---|
| २०९-२०८१/२/१७ | भाँडा तथा कार्यालय सजावट | अविरा ट्रेड एण्ड सप्लायर्स | २१६४७४ |
| २५३-२०८१/३/१७ | झोला रेनकोट | तीनपाटन सप्लायर्स | ८६६७१० |
| ११८- २०८०/१०/२४ | रारा र जाजरकोट भ्रमाण | ८ कर्मचारी र २५ जनप्रतिनिधिहरु | ९६८२०० |
| विभिन्न | मृतक परीवारलाइ काजक्रिया खर्च | १७५ परिवार | १७५०००० |

## ३५ मापदण्ड भन्दा बढी इन्धन खर्च

स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को अनुसुची १(क) मा पालिकाका पदाधिकारीलाई यातायात खर्च मासिक रुपमा प्रदान हुने र सवारी उपलब्ध नभएमा मासिक यातायात खर्च पाउने व्यवस्था छ ।त्यसैगरी सवारी उपलब्ध भएमा अध्यक्ष र उपाध्यक्षलाइ मासिक ८०/८० लिटर इन्धन र वडा अध्यक्षले मासिक २० लिटर इन्धन पाउने उल्लेख छ। नमुना छनौट गरी

कार्यालयको इन्धन खर्चको अभिलेख परीक्षण गर्दा देहायबमोजिमका पदाधिकारी तथा कर्मचारीले पाउने इन्धन सुविधा मापदण्ड भन्दा बढी खर्च गरेको देखिएकोले यस्तो खर्च रकममा नियन्त्रण गरी खर्च मितव्ययितामा ध्यान दिनुपर्दछ।

| नाम | पद | पाउने इन्धन सुविधा (लि.) | लिएको इन्धन खर्च (लि.) | कैफियत |
|---|---|---|---|---|
| मेघनाथ रिजाल | अध्यक्ष | ९६० | ३५८१ | |
| सितामाया गुरुङ | उपाध्यक्ष | ४०० | २८७० | ५ महिनाको मात्र पाउने |
| हरेराम शाह | प्र.प्र.अ | - | ५६९ | १ मोटर साइकल र १ स्कुटर वुझेको, चारपाङ्ग्रे सवारी नभएपनि २० लिटर भन्दा वढी को कुपन वुझेको |
| टिकाराम अधिकारी | लेखा प्रमुख | | १२९ | चारपाङ्ग्रे सवारी नभएपनि २० लिटर भन्दा वढी को कुपन वुझेको |
| प्रहरी चौकी पालिका भित्रका | | | ७०७ | प्रहरी चौकीहरुलाई नियमित इन्धन दिएकोमा जिल्ला प्रहरी कार्यालयले इन्धनि दिए नदिएको सम्बन्ध एकिन गर्नुपर्ने |

## ३६ फिल्ड भत्ता

नेपाल सरकार अर्थ मन्त्रालय मिति २०७१/४/२ मा जारी गरेको तलव तथा सुविधा सम्बन्धी पत्रमा फिल्ड भत्ता दिने आधार उल्लेख गरेको छ जसमा भत्ता प्राप्त गर्न प्रत्येक महिना कम्तिमा १६ दिन फिल्डमा काम गर्न खटिनुपर्ने, विदामा वसेको र दैनिय भ्रमण भत्ता पाउने गरी जिल्ला वाहिर खटिएको अवधिको फिल्ड भत्ता नपाउने, फिल्ड भत्ता प्राप्त गर्न निजले कार्य गरेको क्षेत्रको वडाको वडा अध्यक्षको सिफारिस आवश्यकव्यवस्था गरी फिल्ड भत्ताको दर समेत तहगत रुपमा तोकेको छ।तर कार्यपालिकाको निर्णय अनुसार देहायका कर्मचारी र प्राविधिकलाई देहाय अनुसार भुक्तानी गरेको देखिन्छ । पालिकाले यस्तो खर्चमा मितव्ययिता अपनाउनुपर्दछ।

| नाम | बुझेको दर | महिना | जम्मा |
|---|---|---|---|
| नमराज काफ्ले | १२००० | १२ | १४४००० |
| सोनेलाल साह | १०००० | १२ | १२०००० |
| राजकुमार श्रेष्ठ | १०००० | १२ | १२०००० |
| सुमन श्रेष्ठ | ८००० | १२ | ९६००० |
| मनोज ढुंगाना | ८००० | १२ | ९६००० |
| रामबाबु मेहेता | १०००० | १२ | १२०००० |
| एकेन्द्र साउद | १०००० | १२ | १२०००० |
| | | | ८१६००० |

## ३७ सशर्त अनुदान फरक शीर्षकमा खर्च

आर्थिक बर्ष २०८१।८२ मा स्थानीय तहवाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरू सञ्चालन सम्बन्धी मार्गदर्शनमा स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव, महगी भत्ता र पोषाक भत्ताको लागि निकासा भएको रकमबाट कर्मचारीहरुको तलब, महंगी भत्ता, स्थानीय भत्ता, पोषाक लगायत अनिवार्य दायित्वमा बाहेक अन्य शिर्षकमा रकम विनियोजन गर्न नपाइने उल्लेख छ । उल्लेखत व्यवस्था विपरित पालिकालेयस बर्ष तलब भत्ता शीर्षकमा बिनियोजन भएको बजेटबाट देहायबमोजिमका फरक शीर्षकमा खर्च गरेको देखिएकोले अनियमित देखिएको रु.

| गोभौनं | मिति | भुक्तानी पाउने | प्रयोजन | खर्च रकम |
|---|---|---|---|---|
| ३२ | २०८०-०९-२० | सिई इन्टरप्राइजेज | सोलार जडान | ८,११,२०० |
| ४५ | २०८०-१०-२२ | न्यू गंगा जमुना ट्रेड एण्ड जनरल सप्लायर्स | मसलन्द सामग्री | ९,९७,९३० |
| १०० | २०८१-०३-१७ | ज्ञानेन्द्र राज दाहाल | विद्युत महशुल | २,२५,००० |
| ११० | २०८१-०३-१७ | ओम बिन्ध्यबासिनी जनरल सप्लायर्स प्रा.लि. | झोला रेनकोट | ६,८६,७०१ |
| | | | | २७,२०,८३१ |

| अनियमित भएको | २७,२०,८३१ |
|---|---|

३८ **शैक्षिक पूर्वाधार निर्माण**

३८.१ पालिका अन्तर्गतको चौतारा माध्यमिक विद्यालयको दुईवटा भवनमा तला थप गर्ने कुण्डलादेवि माध्यमिक विद्यालयको एउटा भवनमा तलाथप गर्ने, अर्को भवन तीनकोठे भवन निर्माण गर्ने र अर्को भवनमा झ्यालढोका र प्लाष्टरको कार्य गर्नेगरी रु ११५०००००। बजेट विनियोजन भएकोमा E-Bid मार्फत ठेक्का अगाडी बढाई खरिद गरेको सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

३८.२ **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **२०,७६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३८.३ निर्धारित मितिमा बोलपत्र ९ वटा बोलपत्र दर्ता भएकोमा ६ वटा बोलपत्र दाताले बोलपत्र फिर्ता लिएको र बाँकी ३ वटा फर्म मध्ये सबैभन्दा घटी कबोल गर्न पल्लभीस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि सँग रु ९३२९१२७।६२ मा सबैभन्दा भएको छ । लागत अनुमान रु ११३४०५९३।८१ को १७ प्रतिशत घटी कबोलमा ठेक्का स्वीकृत भएको छ । यसरी मिलोमतो को प्रयास स्वरुप ६ जना बोलपत्र दाता बोलपत्रमा भाग नलिई ठेक्का फिर्ता गरेकोले कानून मै बोलपत्र फिर्ता लिने व्यवस्थामा पुनरावलोकन गर्नुपर्दछ ।

३८.४ पालिकाले प्याकेजिङ तयार गरी ठेक्का प्रक्रिया अवलम्बन गरेको छ । सो निर्माण कार्यको लागि ९ वटा बोलपत्र बिक्री भएकोमा ६ वटाले फिर्ता लिएकोले ३ वटा मात्र मूल्याङ्कनमा समावेश भएकोमा पालिकाले रु ८८३१४२५।४१ को मात्र कार्य सम्पन्न गराएको छ । ग्रील तयार गरी पेन्टीङ गर्ने कार्य १२९.६० मिटर र ग्रीलमा One Coat Painting and two coat almunimum painting गर्न ६.२० वर्गमिटरको कार्य समेत नगराई घटी परीमाण कार्य गराई ठेक्का फरफारक गरेको उपयुक्त देखिन्छ ।

३८.५ **बीमाको प्रमाण :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **३१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

३८.६ मूल्य अभिवृद्धि कर

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **७०६,६९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३९ **उपभोक्ता समिति मार्फत कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । गाँउपालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।लेखापरीक्षणको क्रममा तयार गरी उपलब्ध गराएको मोटामोटी सफ्ट कपी बिबरण अनुसार संघिय र प्रादेशिक हस्तान्तरित कार्यक्रम समेतको उपभोक्ता समितिहरुसंग सम्झौता गरिएकोमा ८४ योजनाहरुमा यो वर्ष जम्मा रु २ करोड ६९ लाख भुक्तानी भएको बिबरण पेश भएको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सो सँग सम्बन्धित फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

(क) **भुक्तानीको सिफारिसः** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा आंशिकमा फोटाहरु संलग्न राख्ने गरेको देखियो । केहि योजनाहरुमा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागी मात्र सिफारिस गर्ने गरेको देखियो । सबैजसो योजनाहरुमा वडास्तरिय अनुगमन समितिको अनुगमन भएको देखिएन । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन ।

(ख) **जनसहभागिताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्को बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । आयोजना/कार्यक्रम कार्यान्वियन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले आयोजना/कार्यक्रम छनौट र कार्यान्वियन गर्दा अधिकाशं योजनामा उपभोक्ता समितिको तर्फबाट जनसहभागिता जुटाउने नीति लिएको छ । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्धि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्धि गर्नुपर्दछ ।

(ग) **समिति सदस्यता :** बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा

उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन । पालिकाले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

(घ) **अनुगमन समितिः** उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

(ङ) **म्यादथपः** पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरी शुरुवात गरेका कतिपय योजनाहरु गत बिगतबर्षमा सम्झौता भइ शुरुवात गरेता पनि हरेक वर्ष म्याद थप गरेर वा नगरिकनै समेत यो वर्ष समेत निरन्तरता दिएको पाइयो । कतिपयमा पुरानै सम्झौतानुसारको काम सम्पन्न नभएकोले निरन्तरता दिएको छ भने कतिपयमा प्रत्येक वर्ष कामहरु थप गर्दै लगेको समेत देखियो । तर बिगत वर्षहरुमा भएको कामको अभिलेख नराखिएको हुदा काममा दोहोरोपना आएको छैन भन्न सकिने अवस्था देखिएन । सार्वजनिक खरिद नियमावलीको नियम १२० मा उपभोक्ताको काममा म्यादथप गर्ने सम्वन्धमा स्पष्ट व्यवस्था गरेको देखिदैन । तसर्थ कानुनमा भएको व्यवस्था बमोजिम सोही वर्ष सकिने योजनामा मात्र उपभोक्ता समितिसंग सम्झौता गरी काम गराउनु पर्ने देखिन्छ ।

(च) **सार्वजनिक परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, मध्यम् देखि ठुला भवनहरु बनाउने, मन्दिर मस्जिद निर्माण गर्ने लगायतका कार्यहरु गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको एकिन हुन सिकएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

**(छ)आयोजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेख देख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । प्राप्त सफ्टकपी विवरण अनुसार उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण तथा मर्मत जस्ता रु २ करोड ६९ लाखका ३८४ वटा योजना उपभोक्ता समिति मार्फत गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न गरेका आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नहुदा आयोजनाको स्वामित्व र मर्मत संभार गर्ने जिम्मेवारी स्पष्ट नहुनुको साथै नियममा भएको व्यवस्थाको कार्यान्वियन नभएको देखिन्छ । नियममा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न गराएको आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण हुनुपर्ने र उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्य गराउन मिल्ने नदेखिएकोले उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

४० **जडान नभएको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले खरिद गरेका देहायबमोजिमका सामाग्री जडान सहितको प्राविधिक मूल्यांकन, कार्यसम्पन्न प्रतिवेदन, नापी, फोटो तथा अनुगमन सम्बन्धि कागजात समेत नराखेकोले सोको प्रमाण समेत पेश हुनपर्ने रु.

| भौ.नं. | प्रयोजन | आपुर्तिकर्ता | भुक्तानी रु |
|---|---|---|---|
| ९२।२०८१।१।५ | ताङ्गजेमाने सिचाँई तथा खानेपानीय योजनामा पाइप खरिद | श्रीकृष्ण मल्टि विजनेस प्रा.लि | ९९८७८६ |
| | | श्री सप्लायर्स | ३५६८० |
| ९७।२०८१।१।७ | खानेपानी योजना मर्मतमा समरसिवल पम्प खरिद | वाटर इन्जिनियरिङ्ग | ३३७८७० |
| | जम्मा | | १३७२३३६ |

| अनियमित भएको | १३,७२,३३६ |
|---|---|

## ४१ अन्य निकायको खरिद तथा निर्माण

स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ७६ अनुसार स्थानिय तहको बजेट तर्जुमा गर्दा स्थानीय तहको कार्यक्षेत्र भित्र पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । पालिकाले स्थानिय तहको कार्यक्षेत्र भन्दा बाहिरका संस्थाका भौत्तिक संरचना निर्माण लगायत फर्निचर, कुर्ची खरिद लगायतका क्षेत्रमा बजेट बिनियोजन गरी खर्च लेखेको पाईयो । स्थानिय सरकारको स्रोत अन्य तहका निकायहरुका लागी खर्च गरिने तथा नाफामुलक संस्थाका लागि खर्च गर्ने कार्यले स्थानिय योजना र विकासका लागी स्रोत अभाव हुने देखिन्छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले स्थानिय विकासमा प्राथमिकता आधारमा बजेट बिनियोजन नगरी सो बिपरित नाफामुलक संस्था र अन्य तहका निकायहरुको निर्माण कार्यका लागि बिनियोजन तथा खर्च गरेको नियमित नदेखिएको रु.

| भौ.नं. | योजना | भुक्तानी रु. |
|---|---|---|
| १८६।२०८१।३।२३ | रेडक्रस सामुदायिक भवनमा फर्निचर खरिद | ९९४४० |
| १७१।२०८१।३।२० | चण्डिनाथ सामुदायिक भवनमा फर्निचर खरिद | ४९७२० |
| १५३।२०८१।३।१७ | तिखाढुङ्ग सामुदायिक भवनमा कुर्ची लगायतका सामाग्री खरिद | ११२०० |
| १३३।२०८१।२।१७ | चण्डिथान सामुदायिक भवन, मंगलादेवीमा फर्निचर | १९९३९२ |
| ७०।२०८०।१२।६ | सुभेच्छा साना किसान भवन निर्माण | २७६६८७ |
| | जम्मा | ६३६४३९ |

| अनियमित भएको | ६,३६,४३९ |
|---|---|

## ४२ निर्माण व्यवसायी मार्फत कार्य गराएको :

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । सोहि नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राख्नु पर्ने व्यवस्था छ ।कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका निम्न योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायीसंग सम्झौता गरी काम गराई कार्यालयबाट भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीहरुको डोजर विल राखी भुक्तानी लिने गरेको देखियो।नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यालयवाट तयार गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीको मुल्य अभिवृद्धि कर विजक राखी भुक्तानी लिने गरेवाट उपभोक्ता समितिले केवल अनुदान रकमको मात्र काम गर्ने

गरेको देखियो । उपभोक्ता समितिले केवल प्रक्रिया पुर्‍याउने प्रयोजनको लागि उपभोक्ता समितिसंग सम्झौता गरेको र समिति निर्माण व्यवसायीको मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेको नियमित देखिएको रु.

| भौ.नं. | योजना | कार्यसम्पन्न रु. | उ.स. लाई भुक्तानी रु. | निर्माण व्यवसयी | बिल रकम रु |
|---|---|---|---|---|---|
| ११०।२०८१।१।२८ | खोट अस्थाई प्रहरी बिट कल्लेरी सडक निर्माण | ६३२१४७ | ६४०९३२ | श्री नरसिंह निर्माण सेवा | ६६०००० |
| १४१।२०८१।२।२७ | धारापानी सडक स्तरोन्नती | ४०९५२५ | ४१६५७० | सिंखडा कन्स्ट्रक्सन प्रा.लि | ४५३४१२ |
| | जम्मा | | १०५७५०२ | | |

| अनियमित भएको | १०,५७,५०२ |
|---|---|

४३ **सिमेन्ट घटी परिमाण**

उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर राख्ने र आफैंले समेत कम रेखदेख गरी निर्मण गर्नुपर्ने अवस्था छ। यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ र तर पालिकाले देहायको निर्माणमा उपभोक्ताले न्यून परिमाणमा सिमेन्ट खरिद ल्याएको बिल पेश तथा सार्वजनिक गरेको अवस्थामा समेत बढी सिमेन्ट प्रयोग भएको मूल्याङ्कन गरी भुक्तानी दिएकोले देहायको रकम असुल गर्नुपर्ने रु.

| भौ.नं. | निर्माण व्यवसायी/उपभोक्ता समिति | कार्यसम्पन्न अनुसार परिमाण | बिल अनुसार परिमाण | फरक | दर | असुल रु. |
|---|---|---|---|---|---|---|
| ७८।२०८०।१२।०८ | पुख्री म्हो खोर सडक सतरोन्नती | १९० | १७५ | १५ | ६०० | १०१७० |
| ६८।२०८०।१२।०६ | केवरा गाउँ महिश्वारा लखेपानी गोरेटो बाटो ढलान तथा सिढि निर्माण | १८० | १६० | २० | ६०० | १३५६० |
| जम्मा | जम्मा | | | | | २३७३० |

| असुल गर्नुपर्ने | २३,७३० |
|---|---|

४४ **कन्टिन्जेन्सी खर्चः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० (७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सिको व्यवस्था गर्न सकिने व्यवस्था भएपनि सो रकम खर्च गर्ने, अभिलेख राख्ने एवं प्रतिवेदन गर्ने कार्यविधि तोकिएको छैन।कार्यालयले यो वर्ष कन्टिन्जेन्सी तर्फ रु. १५०००००‌ खर्च गरेको विवरण पेश गरेतापनि उक्त खर्चको शीर्षकगत विवरण तथा अभिलेख राखेको देखिएन । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन्।

(क) प्रत्येक योजनाबाट ४ प्रतिशतका दरले कन्टिन्जेन्सी कट्टी गरेपनि सो अनुसारको खर्च विवरण पेश नगरेकोले यससम्बन्धमा यथार्थ विवरण प्राप्त भएको भन्न नसकिने भएकोले यकिन हुन सकिएन ।

(ख) अभिलेख नराखेकोले कन्टिन्जेन्सी खर्च लेखेको स्रेस्ता समेत छुट्याउन सकिएन ।

(ग) पालिकाले गरेको कन्टिन्जेन्सी खर्चको विवरण खर्च शिर्षक अनुसार राख्नुपर्नेमा सो अनुसार कुन खर्च शिर्षक वा कुन कार्यमा कति खर्च भएको हो भन्न अवस्था छैन ।

(घ) पालिकाले विभिन्न बजेट शिर्षकमा कन्टिन्जेन्सी खर्च गर्दा अभिलेख नराखेकोले तोकिएको भन्दा बढी समेत हुन सक्ने देखिन्छ ।

(ङ) कन्टिन्जेन्सी खर्च विवरण नराखी अव्यवस्थित रुपले खर्च गरेकोमा कार्यालयले बजेट प्रतिफल प्राप्त नहुने किसिमले खर्च गरेकोमा खर्च गर्ने सम्बन्धित नै जिम्मेवार हुनुपर्दछ ।

चालु प्रकृतिका कार्यहरु चालु शिर्षकमा बजेट व्यवस्था भएकोमा कन्टिन्जेन्सी तर्फ चालु खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।तसर्थ सम्बन्धि निकायले यसको कार्यविधि बनाई खर्च गर्ने गराउने तथा आन्तरिक नियन्त्रण गरी मितव्यियता कायम हुने गरी मात्र खर्च गर्नुपर्दछ ।

४५ **उपभोक्ता समिति दर्ता -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । पालिकाले यो बर्ष विभिन्न योजनामा उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

४६ **परामर्शः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्दछ । साथै नर्म्सहरुको प्रयोग गर्दा मितव्ययिता कायम गर्ने तर्फ समेत विचार गर्नु पर्दछ । पालिकाले यस वर्ष स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन्।

| भौ.नं | कार्यको विवरण | परामर्शदाता | सम्झौता मिति | सम्पन्न गर्नु पर्ने मिति | लागत अनुमान (मु.अ.कर सहित) | सम्झौता रकम (मु.अ.कर सहित) | भुक्तानी (मु.अ.कर सहित) | सम्पन्न मिति र अवस्था |
|---|---|---|---|---|---|---|---|---|
| १६६। २०८१। ३।२० | MTEF निर्माण | बजार विकास केन्द्र प्रा.लि | | | ५००००० | ४९५५०५ | ४९५५०५ | २०८०। ९।२९ |
| ३७। २०८०। १०।१८ | भर्याङ्गभुरुङ्ग खोलामा तटबन्ध DPR तथा EIA | इन्टरफेश इन्जिनियरिङ्ग प्रा.लि | २०८०। ५।१७ | २०८०। १०।१५ | १४९९४३४ | १४९३८६० | १४९३८६० | २०८०। ९।२६ |
| ३७। २०८०। १०।१९ | किन्ताङ्गफेदी धोकरपुर धारापानी सडक DPR | सिम्मा ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि | २०८०। ५।८ | २०८०। ९।३० | ६९७२६७ | ६८८९६१ | ६८८९६१ | २०८०। ९।२६ |
| ३७। २०८०। १०।१९ | चिमा खोला, सल्लेफाटँ र ठुलो खेत सिचाई कुलो DPR | डेल्टा ईनिसियटिभ ईन्जिनियरिङ्ग प्रा.लि. | २०८०। ५।१२ | २०८०। ९।३० | ९९९११७ | ९९८१२९ | ९९८१२९ | २०८०। ९।२६ |
| ३। २०८०। ६।१९ | चौतारा मा.वि र कुण्डला देवी मा.वि छात्रावास भवन DPR | डोमेन ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि | २०८०। ४।२७ | २०८०। ६।३० | ९९८९२३ | ९९२१४० | ९९२१४० | २०८०। ६।१९ |
| ४। २०८०। ६।१९ | मार्पाक चौकी डाँडा निमार चोक पन्तटार सडक DPR | जेभियर इन्जिनियरिङ्ग सोलुसन प्रा.लि | २०८०। ४।९ | २०८०। ६।३० | ६९९५७० | ६९२१२५ | ६९२१२५ | २०८०। ६।१९ |
| ५। २०८०। ६।१९ | भर्याङ्गभुरुङ्ग खोला दामोदर देउताथान लिफ्ट सिचाई तथा खानेपानी DPR | इन्लाईटिन इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि | २०८०। ४।२१ | २०८०। ७।१५ | १९९८४२३ | १९७२९८० | १९७२९८० | २०८०। ६।१९ |
| जम्मा | | | | | | | ७३३३७०० | |

(क) परामर्श कार्यका लागि विज्ञकोMan Days, Field Work, Field Visit and Discussionजस्ता कार्य सहित पालिका प्रमुखलेTIME SHEETप्रमाणित गरी सोही अनुसार कार्य गरे नगरेको एकिन गरी भुक्तानी दिनुपर्नेमा विज्ञहरु तथा अन्य कर्मचारीकोTIME Sheetवेगर भुक्तानी गरेको सम्झौता विपिरत देखिएकोले सम्झौता अनुसारका सोही विज्ञहरु तथा संलग्न कर्मचारी फिल्डमा कार्य गरेको एकीन गरेर मात्र परामर्शदातालाई भुक्तानी दिनुपर्दछ ।

(ख) परामर्शतदातालाई दिएको टर्म अफ रिफरेन्समा इन्सेप्सन रिपोर्ट, ड्राफ्ट रिपोर्ट एक प्रति फाइनल रिपोर्ट २ प्रति बुझाउनुपर्ने र भुक्तानी तरिकामा ५० प्रतिशत प्रतिशत भुक्तानी ड्राफ्ट रिपोर्ट पेश भएपछि र ५० प्रतिशत भुक्तानी अन्तिम प्रतिवेदन पेश भएपछि हुने उल्लेख भएकोमा फिल्ड प्रतिवेदन र ड्राफ्ट प्रतिवेदन प्राप्त भई सो उपर छलफल राय सुझाव सम्झौता अनसारका ३ सेट सबै प्रतिवेदनहरु कलर कपीमा दिनुपर्नेमा सो समेत पेश भएको नदेखिएकोले यस तर्फ पालिकाले एकीन गरी सम्झौता अनुसार तोकिएको परिमाणमा रिपोर्ट प्रति नदिएकोमा कट्टी गरी मात्र भुक्तानी गर्नुपर्दछ ।

(ग) परामर्श कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । परामर्श सेवा खरिद गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाँउपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

(घ) पालिकाले प्रत्येक वर्ष विभिन्न डिपिआर गरी परामर्श सेवामा खर्च गर्ने गरेकोमा निर्माण कार्य तर्फ सडक तर्फ पिच, ढलान तथा नाला सहितको डिपिआर रहेकोमा पालिकाले सोही अनुसार बजेट विनियोजन नगरी न्यून बजेट मात्र विनियोजन गरी सानो ठेक्का लगाई ग्राभेल तथा सववेशको कार्य मात्र गरेको उचित देखिएन । यसरी टुक्रे कार्य गरेको देखिदा डिपिआर खर्चको औचित्य देखिदैन ।

(ङ) स ार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले परामर्श सेवाको खरिद गर्नको लागि खरिद योजना तयारीगरी प्रतिष्पर्धि तवरले आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र परामर्श सेवा खरिद गर्नुपर्दछ ।

Inspection report र ड्राफ्ट प्रतिवेदन माथि छलफल भै पालिकाको सुझाव बमोजिम अन्तिम प्रतिवेदन तयार गरेको खुल्ने कागजात स्रेस्तासाथ राखेको देखिएन। विगतमायस्तो प्रकृतिको कार्य भए नभएको यकिन नगरी परामर्शको कार्य गराउने तर परामर्श बमोजिम अर्को बर्ष सो कार्यलाई मुर्त रुप नगराएको कार्यबाट परामर्श सेवा केवल खर्च गर्ने मनसायले मात्र हुने जान्छ । त्यस तर्फ पालिकाले ध्यान दिई परामर्श खर्चको आवश्यकता, सान्दर्भिकता र औचित्यतता पुष्टि गर्नुपर्दछ ।

## ४७ ढुंगा घटी परिमाण

उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर राख्ने र आफैंले समेत कम रेखदेख गरी निर्मण गर्नुपर्ने अवस्था छ। यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ र तर पालिकाले देहायको निर्माणमा उपभोक्ताले न्यून परिमाणमा ढुंगा खरिद ल्याएको बिल पेश गरि सो अनुसार खर्च तथा सार्वजनिक गरेको अवस्थामा समेत बढी ढुंगा प्रयोग भएको मूल्याङ्कन गरी भुक्तानी दिएकोले देहायको रकम असुल गर्नुपर्ने रु.

| भौ.नं. | निर्माण व्यवसायी/उपभोक्ता समिति | कार्यसम्पन्न अनुसार परिमाण | बिल अनुसार परिमाण | फरक | दर | फरक रु. |
|---|---|---|---|---|---|---|
| १४८।२०८१।३।२ | सेमजोङ्ग पालिका भवन चौकी डाडा सडक स्तरोन्न्ती | २५६ | २२० | ३६ | ३१८ | ११४३१ |
| ६८।२०८०।१२।०६ | केवरा गाउँ महिश्वारा लखेपानी गोरेटो बाटो ढलान तथा सिढि निर्माण | ८५ | ६४ | २१ | ३१८ | ६६६८ |
| ५७।२०८०।११।१५ | समराङ्ग पहिरो नियन्त्रण | १११ | १०२ | ९ | ३१८ | २८५८ |
| | जम्मा | | | | | २०९५७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,९५७ |

## ४८ नन फाईलर

मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम असुल गरेको मूल्य अभिबृद्धि कर विवरण अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । आन्तरिक राजस्व कार्यालयको वेभसाइटमा स्थायी लेखा नम्बर खोजी गर्दा देहायका निर्माण व्यवसायी/सप्लायर्स मूल्य अभिबृद्धि कर नबुझाई ननफाइलर भएको पाइयो । तसर्थ मूल्य अभिबृद्धि कर ऐन बमोजिम मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु

| गोभौनं./ मिति | योजनाको नाम | भुक्तानी पाउनेको नाम | प्यान नं. | विजक नं. र मिति | ननफाइलर रहेको मिति | विल रकमरु (मू.अ.कर वाहेक) | मू.अ.कर रु. | समायोजन गर्नुपर्ने मू.अ.कर (७०%) |
|---|---|---|---|---|---|---|---|---|
| ११०। २०८१।१। २८ | खोक अस्थाई प्रहरी बिट कल्लेरी सडक | श्री नरसिंह निर्माण सेवा | ६०७२६७५६७ | १५। २०८०। १२।०३ | २०७८.M। ११ | ५८४०७० | ७५९२९ | ५३१५० |
| १४१। २०८१।२। २७ | धारापानी सडक स्तरोन्नती | सिंखडा कन्स्ट्रक्सन प्रा.लि | ६०३५००३९८ | १२५। २०८१। १।२९ | २०७८। M।१२ | ४०१२५० | ५२१६२ | ३६५१३ |
| ६।२०८०। ६।२१ | सप्तकन्या देवी पञ्चकन्या महादेव मन्दिर निर्माण | जि एम निर्माण सेवा | ६०२७७५५९२ | ०२। २०८०। ६।२१ | २०८०।T। 2 | २४९३२८ | ३२४१२ | २२६८८ |
| ११५। २०८१।२। १ | थर्पु सोमजोङ्ग मार्पाक सडक स्तरोन्नती | थापाकाजी इन्नोभेटिभ कन्सट्रक्सन प्रा.लि | ६०६५८६७१७ | १३। २०८१। १।१७ | २०८०।T। 2 | ६०५०००७ | ७८६५०० | ५५०५५० |
| १६८। २०८१।३। २० | थर्पु सोमजोङ्ग मार्पाक सडक स्तरोन्नती | थापाकाजी इन्नोभेटिभ कन्सट्रक्सन प्रा.लि | ६०६५८६७१७ | १९। २०८१। २।३० | २०८०।T। २ | ५०७५८४९ | ६५९८६० | ४६१९०२ |
| १४०। २०८१।२। २७ | थर्पु सोमजोङ्ग मार्पाक सडक स्तरोन्नती | थापाकाजी इन्नोभेटिभ कन्सट्रक्सन प्रा.लि | ६०६५८६७१७ | १४। २०८१। २।१६ | २०८०।T। २ | ५८६४९५३ | ७६२४४४ | ५३३७१० |
| २०८१। २०८१। ०१।४ | बिन्दु केशरी आवि कम्पाउण्ड | कलर्स निर्माण सेवा | ६०९६६९८४४ | ९। २०८०। १२।१८ | २०८०।T। २ | १७०६०५०९ | २२१७८७ | १५५२५० |
| | जम्मा | | | | | | | १८१३७६२ |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **४३,०२७.६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **४७,४५४.४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,१३,७६५.८ |

४९ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार

खरिद योजना बनाई एउटै प्रकृतिको कार्य गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा गर्नुपर्ने कार्य टुक्र्याएर गरेको पाइयो । यसरी खरिद ऐन र नियमावलीमा भएको व्यवस्था विपरित विभिन्न निर्माण कार्य प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा पारी कोटेशनको माध्यमवाट पटक पटक खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| भौ.नं. | योजना | निर्माण व्यवसायी | लागत अनुमान | सम्झौता रु. | कार्यसम्पन्न रु. | लागत अनुमान भन्दा घटी सम्झौता (प्रतिशत) |
|---|---|---|---|---|---|---|
| १६४। २०८१। ३।२० | बिहारथोक सडक निर्माण र पुरानो छाप नयाँ ट्र्याक | नेगी कन्स्ट्रक्सन | ७९९८३० | | ५३७५६३ | |
| १८४। २०८१। ३।२३ | रामचन्द्र शालिक निर्माण | शिवसोनाम ह्याण्डीक्राफ्ट एण्ड निर्माण सेवा प्रा.लि | ७९०२०० | | ६८५००० | |
| १५९। २०८१। ३।१९ | पुजारीडाँडा महेन्द्रबराही गोरेटो, इन्द्र कन्या महादेव मन्दिर, टोड्के फन्ट सिमलफेद सडक, बाहुनगाउँ कियापुत्री | पल्भिस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | ९९९४८५ | | ९९५५३८ | |
| १४३। २०८१। २।२८ | खरकुकुना ग्राभेल | कलर्स निर्माण सेवा | ८४८११३ | ८४२८७८ | ५३४३०४ | 0.62 |
| ९७। २०८१। १।७ | खानेपानी योजना मर्मत | वाटर इन्जिनियरिङ्ग | ३३८७७४ | ३३७८७० | ३३७८०० | 0.27 |
| ९०। २०८१। १।३ | टिकाढुङ्ग बिच टोल मम्बा टोला सडक | बज्राचार्य कन्स्ट्रक्सन | ५९९७७३ | ५९३४०३ | ५८९२६९ | 1.06 |
| ४८। २०८०। ११।४ | विन्दुकेशर मन्दिर नजिकै नुहाउने कक्षा | अनकन्या निर्माण सेवा | ६९९५८९ | ६९२०१७ | ६९१४९९ | 1.08 |
| ४६। २०८०। ११।४ | आरुखर्क पन्ध्रकोष सडक निर्माण | ज्वालामुखी कन्स्ट्रक्सन | ७४९८३४ | ७४२१४८ | ७४१२०९ | 1.03 |
| २०। २०८०। ८।७ | मार्पाक पोखरा गुम्बा र अविश्यक चर्च निर्माण | ए एण्ड डि कन्स्ट्रक्सन प्रा.लि. | ४०१३६१ | ३९५५९७ | ३९४४३२ | 1.44 |
| ६। २०८०। ६।२१ | सप्तकन्या देवी पञ्चकन्या महादेव मन्दिर निर्माण | जि एम निर्माण सेवा | ९८८१८५ | ९८१७४० | २८१७४० | 0.65 |
| ७। २०८०। ६।२१ | महेन्द्र बाराही वाल निर्माण, बानेचौर खोला धारा मर्मत धमलागउँ सामुदायिक भवन निर्माण | थोकर एण्ड योञ्जन कन्सट्रक्सन प्रा.लि | ९९८९७६ | ९९१७६३ | ९८६९६५ | 0.72 |
| | जम्मा | | | | ६७७५३१९ | |

## ५० **ईटाको परिमाण**

उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर राख्ने र आफैंले समेत कम रेखदेख गरी निर्मण गर्नुपर्ने अवस्था छ। यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ र तर पालिकाले देहायको निर्माणमा उपभोक्ताले न्यून परिमाणमा सिमेन्ट खरिद ल्याएको बिल पेश गरेको र सोहि अनुसार खर्च तथा सार्वजनिक गरेको अवस्थामा समेत बढी ईटा प्रयोग भएको मूल्याङ्कन गरी भुक्तानी दिएकोले देहायको रकम असुल गर्नुपर्ने रु.

| भौ.नं. | निर्माण व्यवसायी/उपभोक्ता समिति | कार्यसम्पन्न अनुसार परिमाण | बिल अनुसार परिमाण | फरक | दर | असुल रु. |
|---|---|---|---|---|---|---|
| १४५।२०८१।३।२ | ठिल्देन कमान गुम्बा शौचालय निर्माण | २५७० | २१६० | ४१० | १५ | ६९५० |
| ५४।२०८०।११।१४ | चरङ्गे आमा समुह भवन | ३६९५ | ३२०० | ४९५ | १५ | ८३९० |
| | जम्मा | | | | | १५३४० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,३४० |

## ५१ **घटी जनसहभागिताः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्को बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ ।नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले उपभोक्तासमिति मार्फत सञ्चालन भएका योजनाहरुको लागत अनुमान तयार गर्दा तय गरेको जनसहभागिताको अंश भन्दा कम हुने गरी कार्यसम्पन्न गरेकोले घटि जनसहभागिता वापतको रकम असुल गर्नुपर्ने रु.

| भौ.नं. | योजना | लागत अनुमान रु. | सम्झौता अनुसार उ.स.को योगग्दान रु. | कार्यसम्पन्न रु. | कार्यसम्पन्न अनुसार उ.स.को योग्दान रु. | योग्दान हुनुपर्ने रु. | घटि योग्दान रु. |
|---|---|---|---|---|---|---|---|
| १५७। २०८१।३। ११ | गौरा सिरानटोल अधुरो नाली निर्माण | २२९०९९ | २९०९९ | २२२४१८ | 16418 | 28250 | 11832 |
| १६१। २०८१।३। १९ | चौतारा बरुखोर अधुरो | ५७१२९१ | ५६२०१ | ५५६२२४ | 41224 | 54719 | 13495 |
| १४८। २०८१।३।२ | सेमजोङ् पालिका भवन चौकी डाडँ सडक | ३४२५४१३ | ४२५४१३ | ३३३३५०६ | 333506 | 413999 | 80493 |
| १३०। २०८१।२। १६ | पच्छरे खोला तथा तल्लो दलित टोलको ढल | २८६००९ | ३६००९ | 388947 | 31447 | 48969 | 17522 |
| १२४। २०८१।२। ११ | निश्चलटोल गोरेटो बाटो तथा मिसिनरी वाल निर्माण | ४६७५१६ | ६७५१६ | ४४६६४५ | 46645 | 64502 | 17857 |
| ११६। २०८१।२।१ | दमैगाउ नाला निर्माण | ३४३३९९ | ४३३९९ | ३११११११ | 31111 | 39318 | 8207 |
| ९३।२०८१। १।६ | स्तुपा निर्माण | २३०९४८ | ३०९४८ | २१८०५५ | 21806 | 29220 | 7414 |
| ७४।२०८०। १२।०८ | दामोदर मन्दिर मर्मत तथा सिढी निर्माण | ३४२००० | ४२००० | ३३१००० | 33123 | 40649 | 7526 |
| ६७।२०८०। ११।२३ | बोलिजुङ्ग मिनिबुद्ध पार्क र गुम्बा निर्माण | ६२८४३० | ७८४३० | ६०१२२४ | 60122 | 75035 | 14913 |
| ५८।२०८०। ११।१५ | सेमजोङ् मनेगङ्गदेखि कुलु सम्मको ढल व्यवस्थापन | ४५६७३९ | ५६७३९ | ४४४४४० | 44400 | 55211 | 10811 |
| ११।२०८०। ६।२३ | बाराही पोखरी संरक्षण समिति | १०४१००० | २१७००० | १०००१५३ | 201000 | 208485 | 7485 |
| जम्मा | | | | | | | 197555 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९७,५५५ |

## ५२ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम

पालिकाले मृगौला प्रत्यारोपण गरेका, डायलसिस गराईरहेका, डाइलसिस गराईरहेका, क्यानुसर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने कार्यविधि, २०७८ बमोजिम दीर्घकालीन बिरामीको औषधी उपचार खर्च वापत ३६ जना विरामीलाई यस वर्ष रु २०२५००० खर्च गरेको छ ।कार्यविधिको दफा ४ बमोजिम नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्था वा संगठन संस्थाबाट रोजगारी/निवृत्तिभरण वा विदेशी सरकारबाट रोजगारी/पेन्सन प्राप्त गरिरहेका व्यक्ति भए मासिक वृत्ति उपलब्ध नगराउने उल्लेख भएकोमा सो विषय एकिन गरेको देखिएन । पालिकले प्रचलित कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

## ५३ हवाइ भाडा

विपदबाट मानवीय तथा भौतिक क्षतिलाई न्यूनीकरण गर्न स्थानीय तह सञ्चालन सम्बन्धी आदेश, २०७४ बमोजिम गाँउपालिकाको कोषमा जम्मा भएको रकमलाई विपद् कोष खडा गरी सोही कोष मार्फत प्रभावकारी खर्च गर्नको लागि पालिकाले नेत्रावती डबजोङ गाउँपालिकाको विपदकोष व्यवस्थापन कार्यविधि २०७४ लागु गरेको छ । उक्त कार्यविधिमा पीडितहरूलाई राहत वितरण गर्दा यस कोषको अधीनमा रही विपद व्यवस्थापन समिति मार्फत सहयोग उपलव्ध गराउन नसकिने अवस्थामा तोकिएको राहत रकम वडा अध्यक्षले पिडितलाई उपलब्ध गराउन सक्नुहुनेछ । यसरी उपलब्ध गराएको रकमको सोधभर्नाका लागि प्रहरी सरजिमिन मुचुल्का स्वास्थ्य संस्थाको प्रतिवेदन तथा अन्य आवश्यक कागजात सहित समितिमा निवेदन पेश गर्नुपर्नेछ । नेत्रावती डबजोङ गाउँपालिकाको विपदकोष व्यवस्थापन कार्यविधि २०७४ को परिच्छेद सातमा राहत उपलब्ध गराउन सकिने अधिकतम रकम रु ३५००० रहेको छ । मिति २०८१-०१-०७ मा वडा नं १ का वडा सदस्य राम बहादुर तामाङ दुर्घटनामा परेकोले आर्मी हेलीकप्टरबाट काठमाडौँ लगेको बेहोराको निवेदन बमोजिम गो.भौ.नं.१२-२०८१/०१/०७ बाट रकम रु. १६८६६५ राजा राम रिजाललाइ भुक्तानी भएको छ ।

## ५४ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १५ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । प्रचलित नियमअनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत रहेका सहकारी संस्थाको अवस्था निम्नानुसार देखिन्छ ।

| विवरण | सङ्ख्या | रकम (रु हजारमा) |
|---|---|---|
| कुल सहकारी संख्या | १५ | |
| प्रत्यक्ष रोजगारी संख्या (जना) | २७ | |
| कुल सदस्य संख्या (जना) | ४१२० | |
| महिला सदस्य संख्या (जना) | २२०२ | |
| पुरुष सदस्य संख्या (जना) | १९१८ | |
| कुल शेयर पुजिं(रु.) | | १,२३,५६ |
| कुल बचत संकलन (रु.) | | ६२,३९ |
| कुल ऋण (रु.) | | ६१,२१ |

## ५५ धरौटी फिर्ता

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेस गरेपछी धरौटीबापतको रकम फिर्ता दिनुपर्ने व्यवस्था छ । पालिकाले निम्न फर्मको रु ४३६२५६५ को मूल्यअभिवृद्धि कर समायोजन गरेको कर कार्यालयको पत्र समावेश गरी धरौटी फिर्ता गरेकोमा उक्त रकमको कट्टा गरेको धरौटी रु २१८१२८ मात्र फिर्ता गर्नुपर्नेमा रु ३०२६४३ फिर्ता गरेकोले नपुग धरौटी रकम रु ८४५१५ कट्टा गर्दा भुक्तान भएको बीजकको मूल्यअभिवृद्धि कर समायोजन गरेको प्रमाण पेस गर्नुपर्ने रु.

| भौ.नं | मिति | फर्मको नाम | धरौटी रकम |
|---|---|---|---|
| ३ | २०८०-०६-२४ | अनकन्या निर्माण सेवा (६०८०९८३४४) | ८४,५१५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८४,५१५ |

## ५६ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा सञ्चालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ अनुसार गरिनु पर्दछ । पालिकाले सामाजिक सुरक्षा अन्तर्गत यस वर्ष रु. ८६२७२८३५.५९ खर्च गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन्

५६.१ **भत्ता वितरणको अनुगमनः** सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि२०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्नेप्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्नेकार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त कार्य गरेको देखिएन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

५६.२ **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया भत्ताको दर प्राप्त हुने बैंक लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धि जानकारी स्थानिय सामाजिक संघसंस्था गैरसरकारी संस्था सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ र त्यस्ता विषय सम्बन्धि सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने स्थानिय तहले भुक्तानी गरेको रकम र बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्दछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लिखत कार्यहरु भएको पाइएन ।

५६.३ **एम.आइ.एस प्रणालिमा प्रतिवेदनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि२०७७ को दफा ३० मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानिय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। तर कार्यालयको कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन ।अतः कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

## ५७ प्रदेश सशर्त अनुदानः

यो वर्ष प्रदेश सशर्त तर्फ पूजीगत क्रियाकलापको लागि रु १५000000 निकासा प्राप्त भएकोमा वर्षको अन्तकोसम्म रु १३५५६६७६ खर्च भएकोमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

### ५७.१ अनुदान फिर्ता

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१,४४३,३२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५७.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिने र सम्झौता कार्यान्वयनका काममा सिर्जना भएको कार्यको लागि सार्वजनिक खरिद ऐनको दफा ५४ अनुसार भेरिएसत आदेश जारी गर्नुपर्ने व्यवस्था छ । भर्याङभुरुङ खोला दामोदर देउताथान लिफ्टिङ सिंचाई तथा खानेपानी आयोजनाको लागि पालिकाले रु १८२६५१५। को सोहिस्थानमा काम गराई एस एन सि बिल्डर्स प्रा लि लाई भुक्तानी गरेपछि भेरिएशन आदेशबाट साविकको दर अनुसार वार्ताबाट प्रतिस्पर्धात्मक दरमा खरिद गर्न सक्ने न्यून लागतको बैकल्पिक उपाई तर्फ ध्यान नदिई सोहि स्थानमा पहिरो खस्ने जोखिम भएको भनि

ट्याङ्की संरक्षण गर्न ग्याबिन बाल लगाउने फिटिङको कार्य र सेडिमेन्ट ट्याङ्कीलाई घेरावार गर्न काँडेतार लगाउने कार्यको लागि रु ५९२५५५।४१ को लागत अनुमान गरेकोमा रु ५८७५१४।४५ को कार्य गराई नेत्रावती डबजोङ कन्स्ट्रक्सन एण्ड सप्लायर्सलाई रु ५८७५१४। भुक्तानी गरेको छ । यसरी साविकमा २४.४६ प्रतिशत घटी दरले ठेक्का कबोल गरेकोमा सो दरले सोझै खरिदमा रु १२६०८०। घटी रकममा काम गराउन सक्ने अवस्था हुँदाहुदै लागत अनुमान अनुसार कार्य गराएको र प्रदेश सरकारबाट दिएको रकममा कबोल अंक घटी हुन झै बचत रकम खर्च गर्ने उद्देश्यले खरिद प्रक्रिया अगाडी बढाएको र यसरी खर्च गर्दा प्रदेश सरकारको स्वीकृति नलिएको थप व्यपभार असुल गरी नियमित गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ५,८७,५१४ |

५८ **संघीय सशर्त र विशेष अनुदानः**
यो वर्ष संघीय सशर्त र विशेष कार्यक्रमको लागी संघीय सरकारबाट रु १३०८०१७३ निकाशा भएकोमा पालिकाले ४ वटा आयोजना संचालन गरी रु १२८७१८७५ खर्च गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्

५८.१ **आमा समुह भवन निर्माणः**पालिकाको वडा नं ४ को हजारे भन्ने स्थानमा १ तले २ कोठा भएको ४८७.५ वर्ग फिट प्लीन्थ एरिया भएको भवन निर्माण गर्न रु २४२४१९५।७८ लागत अनुमान भएकोमा पालिकाले EBID मार्फत ठेक्का लगाउँदा रु २४०३३७८।५६ को वज्राचार्य कन्स्ट्रक्सन नेत्रावती ४ धादिङ सँग मिति २०८०/९/४ मा संझौता गरी कार्य गराएकोमा देखिएका व्यहोरा निम्न छनः

क) उक्त भवन निर्माण भएको स्थान सार्वजनिक, समुहको नाममा दर्ता भएको स्थान हो वा व्यक्तिगत जग्गा हो भन्ने खुलेको प्रमाण स्रेस्तासाथ पेश भएको छैन। तसर्थ सोको प्रमाण पेश हुनुपर्दछ।

ख) पालिकाले यस निर्माण कार्यमा ७३.२४ घनमिटर माटो खन्ने कार्य वापत प्रतिघन मिटर रु ५८६.५० का दरले रु ४२९५५.२६ लागत अनुमान गरेकोमा सोही स्थानको लागि २५.५० घन मिटरमा फिलिङ गरेवापत रु. ६८५.४० का दरले लागत अनुमान गरेको छ।एकै स्थानमा खन्ने र पुर्ने कार्य गर्दा ५० प्रतिशत परिमाण त्यसै स्थानमा उपयोग हुने नर्म्स रहेको छ।यस्तो अवस्थामा वाहिरबाट माटो ल्याएर पुरेको भनी सोही दरबाट लागत अनुमान र मुल्यांकन गर्न मिल्दैन।यसरी एकै स्थानमा कटिङ र फिटिङ बापत भुकतानी दिँदा रु ८५००.४३ को वढी लागत अनुमान तयार गरेकोले सो रकम असुल गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,५००.४३ |

५८.२ **पन्तटार सिंचाई आयोजनाः** पालिकाको वडा नं १ को पन्तटार लिफ्ट सिंचाई आयोजनाको लागि (१०*१०) मिटर को २ मिटर गहिराइ भएको २०० घनमिटर पानि जम्मा गरी सो मार्फत सिंचाइ सुविधा पुर्याउनका लागि वागमती प्रदेश सरकारबाट स्वीकृत विस्तृत परीयोजना प्रतिवेदन खानेपानी तथा सिंचाई डिभिजन धादिङले तयार गरेको छि। सो कार्यको विस्तृत लागत अनुमान जानकारी हुन सेकन। पालिकाले Reservoir tank मात्र बनाएको तर उक्त स्थानमा मोटर जडान गरी पाइप मार्फत किसानको खेतवारीमा पानि पुर्याउने कार्य गर्न थप खर्च लाग्ने त्यसको लागि स्रोतको सुनिश्चितता नगरी प्राप्त बजेट खर्च गर्ने उद्देश्यले अधुरो कार्य गराई भुक्तानी दिएको छ।यस सम्बन्धमा लेखापरीक्षणको क्रममा छलफल हुँदा यो वर्ष बजेट प्राप्त हुँदा भुलवस पालिकामा प्राप्त भएको तर वाँकी कार्य अर्को वर्ष देखि सिंचाइ डिभिजन धादिङबाट नै सञ्चालन हुने जानकारी प्राप्त भएको छ। एकिकृत नापि किताव पेश नभएको र भविष्यमा समेत दोहोरो नपर्ने गरी कुनै समन्वय नभएको र विस्तृत परियोजना प्रतिवेदन एउटा निकायले स्वीकृत गर्ने अर्को निकायले आंशिक कार्य गर्ने गरेको समेत बाट खर्चको औचित्य नदेखिएको बाँकी कार्य कुन स्रोतबाट कसले गर्ने यकिन नगरी खर्च लेखेको रकम रु १५३१६१६ उपर्युक्त देखिएन ।

५८.३ **नेत्रावती डवजङ अस्पतालः** यस सम्बन्धमा देखिएका व्यहोरा यसप्रकार छन-

क) संघको २५ लाख र प्रदेशको २५ लाख गरी ५० लाख बजेट व्यवस्था भएको नेत्रावती ४ भोक्टेनी भन्ने स्थानमा १५ सैयाको अस्पताल निर्माण कार्यकोलागि लागत अनुमान रु ४८४९८८३।७० (कन्टिन्जेन्सी वाहेक) लागत अनुमान रहेको छ।यो वर्ष सार्वजनिक सौचालय क्यान्टीनहल र सभाहल एवं फार्मेशी रुम निर्माण गर्ने कार्यको लागि ६ वटा फर्म विक्रि भएकोमा ३ वटाले फिर्ता लिएको देखिन्छ।साविकमा Basement सम्मको कार्य कुन निकायले कहिले गरेको हो लागत अनुमानमा खुलेको छैन। साविकमा निर्माण भएको

basement को फार्मेसी रुममा रङ लगाएको खर्च समेत यस ठेक्कामा परेको छ । यसरी पालिकाले विगतमा समेत टुक्रा लागत अनुमान गरी सो बमोजिम कार्य गराउने र DPR लगायतको कार्य नगर्दा नापि कितावमा दोहोरो नापि हुन सक्ने देखिएकोले यसतर्फ ध्यान दिनुपर्दछ ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१८६,०८३.१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५८.४ **टोड्के देखि पालिका सम्म सडक स्तरोन्नतीः** प्रदेश सशर्त अनुदानबाट रु ३० लाख विनियोजन भए अनुसार रु २९०९३४८।२३ को लागत अनुमान तयार गरी चेनेज ०+००० देखी ०+३२५ चेनेज सम्म दलान गर्ने ह्युम पाइप राख्ने र पक्की नाली निर्माण गर्ने कार्यका लागि ठेक्का प्रकृया ४ वटा दर्ता भएकोमा रु २५४५५८४।७८ को १२.५ प्रतिशतघटीको SNCविल्डर्सको वोलपत्र स्वीकृत भएको छ। एकिकृत रुपमा विस्तृत आयोजना तयार गर्ने र टुक्रा कार्यको लागत अनुमान गरी टुक्रा सम्पन्न देखाइ SNCविल्डर्स (६०९५८२१७४) लाइ २३६६४३५ भुक्तानी गरेको छ।यसरी पटके लागत अनुमान र सम्पन्न देखाउदा निर्मित संरचनाको कुल मुल्य नै जानकारी नहुने र दोहोरो नापी हुने जोखिमतर्फ पालिकाले ध्यान दिनु पर्दछ।

५९ **सडकको अधिकार क्षेत्र नतोकेको र मापदण्ड पालना नगराएकोः**

स्थानिय सरकार सञ्चालन ऐन को दफा ४५ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका स्थानिय सडकको दाँया वाँयाको अधिकार क्षेत्रको सीमा तोक्न सक्ने व्यवस्था छ । त्यसैगरी राष्ट्रिय र प्रदेश स्तरिय सडकको राइट अफ वे को मापदण्ड पालना गर्नु गराउनु पर्ने व्यवस्था छ । तर यस पालिका अन्तर्गत पृथ्वी राजमार्गको दायाँ बाँयाको सडकमा राष्ट्रिय राजमार्गको Right of way पालना गराएको छैन भने पालिकाले निर्माण गरेका सडकको समेत Right of way तोकेको देखिएन । स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा पालिकाले स्थानिय स्तरको विकासका लागि आवधिक बार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालिन विकास योजना बनाई लागु गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी योजना बनाउँदा आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त हुने जनताको जिवनस्तर आम्दानी र रोजगार बढ्ने स्थानिय बासिन्दाको सहभागिता जुट्ने र लागत कम लाग्ने स्थानिय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने पिछडिएको वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने समावेशीता र समानता कायम हुने एवं दिगो विकास मा सहयोग क्रियाकलापमा खर्च गर्नुपर्नेमा कार्यालयले योजना निर्माण गर्दा सो अनुसार मुल्यांकन तथा विश्लेषण गरेको छैन ।

६० **झोलुङ्गे पुलको लागत अनुमानः**

झोलुङ्गे पुल निर्माण कार्यमा जटिल प्राविधिक पक्ष समावेश रहेता पनि लागत अनुमान तयार गर्दा समान्य तथा जिल्ला दरमा उल्लेख नभएका सामग्री प्रयोग हुने, लागत अनुमान तयार गर्ने कार्यको लागि कन्टिन्जेन्सी नियुक्त गर्नुपर्ने अवस्था र निज कन्सल्टेन्सीलाई भुक्तानी दिनको लागि नै ६ प्रतिशत NGO Service Charge लागत अनुमान तयार गरेकोले यस्तो व्यवस्था सार्वजनिक खरिद नियमावलीको लागत अनुमान तयार गर्ने ढाँचा विपरित छ । यस्तो अवस्थामा सुधार गर्न नीतिगत र कानूनी व्यवस्थाको पुनरावलोकन हुनुपर्दछ ।

उक्त पुल निर्माण गर्न कूल रु ३२८८६०६। मध्ये स्टीलको संरचनाका सामग्रीको लागि चरङ्गेफेदी लापाङ खोला, पोल्वेत झोलुङ्गे पुल निर्माण गर्न निर्माण सामग्री खरिद वापत रु १५४६९६७। र निर्माण कार्य वापत रु १७४१६३९ लागत अनुमान रहेकोमा निर्माण सम्पन्न गर्दा संरचना खरिदको अलग र उपभोक्ता समिति मार्फत निर्माण गराएको एउटै योजनामा फरक फरक मापदण्ड लगाइ खरिद गरेको मनासिव देखिएन।

६१ **रोजगार शाखाको लागि कम्प्युटर तथा प्रिन्टर खरिदः**

विगतमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कम्प्युटर तथा प्रिन्टर खरिद गरेको तथा प्रिन्टर खरिद गरेको थियो। यो वर्ष समेत सोही कार्यका लागि भौ नं १४-२०८१/३/२१ बाट रु १९८८८० मुल्यको कम्प्युटर तथा प्रिन्टर खरिद गरेको छ। बजेट प्राप्त भएता पनि

आवश्यकताको आधारमा मात्र खरिद गर्ने व्यवस्था गर्नुपर्दछ।

६२ **तोकिएभन्दा फरक कार्यमा खर्चः** (९-२०८१-२-११):

नबिकरणीय उर्जा प्रविधि जडान कार्यक्रमका लागि प्राप्त रकमबाट यो वर्ष रु ७६८५२१। मा ४ वटा ८ मिटर लम्बाईको सोलार सडक वत्ती जडान गरेको र सो वापत मूल्य रु ५१५९६६। खर्च भएकोमा सो बाहेक Ac Street Light वापत मूल्य अभिवृद्धिकर समेत रु २५२५५५। निर्धारित उद्देश्य भन्दा फरक गरी विद्युतीय वत्ती कार्यालय परिवारमा जडान गरेको भनि बिजक र प्राविधिक मूल्याङ्कनबाट देखिएको छ।यसरी निर्धारित उद्देश्य भन्दा फरक गरि खर्च लेखेकोले नियमित गर्नुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | २,५२,५५५ |

६३ **शैक्षिक पूर्वाधार निर्माण** (१३-२०८१-३-२१):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१५४,०४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६४ **चरङ्गे फेदीमा ट्रस पुल र पोल्चेत बेशीमा झोलुङ्गे पुल निर्माण**

सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूचीमा लागत अनुमानको तरिका उल्लेख छ । जसमा वर्क चार्ट, स्टाफ खर्च एंव अन्य सानातिना खर्च भनि ४ प्रतिशत भन्दा बढी समावेश गर्न नसकिने व्यवस्था रहेको छ।पालिकालेचरङ्गे फेदीमा ट्रस पुल र पोल्चेत बेशीमा झोलुङ्गे पुल निर्माण गर्ने कार्यको लागि एक्सन नेपाल (३०१६६७९७७) लाई लागत अनुमान भएको छ। सो अनुसार तत्कालिन स्थानीय विकास मन्त्रालयको Trial Bridge Strategy 2007 पेज नं ९ मा Trial Bridge निर्माण गर्न सर्भे डिजाइन लागत अनुमान र सुपरभिजन वापत ३ प्रतिशत कन्टिन्जेन्सी खर्च रहने र सामाजिक परिचालन एंव संगठनात्मक सहयोग अन्तर्गत ३ प्रतिशत गरी अधिकतम ६ प्रतिशत रकम लागत अनुमान समावेश गरी सो अनुसार एक्सन नेपाल नामको संस्थालाई रु २६८०२२ भुक्तानी गरेको छ।

| सि नं | आयोजनाको नाम | ल ई रु | सेवा शुल्क | प्रतिशत | कन्टिन्जेन्सी खर्च |
|---|---|---|---|---|---|
| १ | चरङ्गे फेदी ट्रस पुल | ३२८८६०६।५२ | १८९४४२।८४ | ५.७६ | ८३८२४।२७ |
| २ | पोल्चेत बेशी माउत झोलुङ्गे पुल | ४४४०९८१।५३ | २६१९३१।०६ | ५.९० | १०७३७६।६० |

सार्वजनिक खरिद सम्बन्धी कानूनमा नरहेको व्यवस्था तत्कालिन रणनीतिमा उल्लेख भएको आधारमा ६ प्रतिशत रकम लागत अनुमानमा NGO Service Charge समावेश गरेको र सो बाहेक अधिकतम ३ प्रतिशतसम्म कन्टिन्जेन्सी सेवा वापत खर्च लेखेकोले यस्तो लागत अनुमान नै नियम संगत छैन् ।त्यसैगरी आयोजना छनौट गर्ने काम समेत उक्त परामर्श दातालेगर्ने र त्यसको लागि सरकारले बजेट समेत परामर्शदाताकै सुझाव अनुसार विनियोजन गर्ने कार्यले वित्तीय जोखिम बढाएको छ । पालिकाले देहायको पुलको लागत अनुमान गर्दा देहाय अनुसार NGO Service भनि खर्च तोकेको रकम नियमित देखिएन् ।

६५ **विल भरपाइ वेगर खर्चः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६६ **पन्तटार निर्माचोक चौकीडाँडा सडक स्तरोन्नतीः**

पन्तटार निर्माचोक चौकीडाँडा सडक 2+000 देखि 5+060 सम्म स्तरोन्नती गर्ने कार्य वापत प्रदेश समपूरक अनुदानबाट खर्च गर्ने गरी सौर्य ज्योती कन्स्ट्रक्सन प्रा लि सँग रुः२०२०३३४६।७१ लागत अनुमान गरी रु १६४५५३९९।५२ मा कार्य सम्पन्नगर्ने गरी

सम्झौता भएकोमा पालिकाले सो अनुसारको कार्य सम्पन्न गरी भुक्तानी समेत गरेकोमा सोही चेनेज भित्र अर्थ वर्क, Stone Soling Work, Form work, Plum Work, Boulder Mixed concrete र ब्याक फिलिङको कार्य वापत अपी कन्स्ट्रक्सन एण्ड कम्पनी प्रा लिलाई रु ९८७०४३। भुक्तानी गरेको छ । साविकमा निर्माण व्यवसायीले लागत अनुमान भन्दा १६.०५ प्रतिशत न्यून कबोल गरी ठेक्का स्विकार गरेकोमा पालिकाले रु ९९९८३९।७४ को लागत अनुमान तयार गरी सामान्य घटी अर्थात रु ९८७०४३।८१ को कार्य गराई सो रकम अपी कन्स्ट्रक्सन एण्ड कम्पनी प्रा लिलाई भुक्तानी गरेको छ ।

सार्वजनिक खरिद नियमावलीमा कार्य परीमाण उद्वेश्य परिवर्तन गरी कार्य गराउदा Veriation Order जारी गर्न सक्ने व्यवस्था छ । एउटै चेनेज भित्र सोही समयमा कार्यमा परिवर्तन गर्दा सोको लागत अनुमान गर्ने र Veriation Order जारी गरी कार्य गराउनु पर्ने व्यवस्था छ।ठेक्का लगाउँदा घटी कबोल भएको Difference Amount लाई खर्च गर्ने मनसायले सोझै खरिद गरी भुक्तानी गरेको र प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि अनुसार तोकिएको कार्य बाहेक अन्य कार्य गराउँदा स्वीकृति लिनुपर्नेमा नलिएको अवस्था छ। साविकको ठेक्का अनुसार न्यून प्रतिस्पर्धाबाट कार्य गराउँदा थप रकम रु १६०४७४।२८ घटी लागतमा काम सम्पन्न हुन सक्ने अवस्थामा रु २५८९८।२८ मात्र घटीमा कार्य गराउँदा रु १३४५७६। थप व्यपभार परेकोले सो रकम असुल गरी प्रदेश सरकारको तर्फको ५० प्रतिशतले हुने रु ४९३५२१।९४ रकम प्रदेशलाई फिर्ता गरी नियमित गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९,८७,०४३ |

६७ **सेल्ले उर्लेनी हजारे मैयादेवी सडक स्तरोन्नतीः** (१५-२०८१-३-१७):

सेल्लेदेखि उर्लेनी हजारे मैयादेवी सडक चेनेज 0+000 देखि ४+३०० सम्म सडकमा सडक खन्ने ह्युमपाइप राख्ने ग्राभेल गर्ने ढलान गर्ने पलम बाल र नाली बनाउने कार्यका लागि रु २०२१५७८६।३७ को लागत अनुमान तयार गरी रु १७७२३३२३।५३ अर्थात ९.६४ प्रतिशत न्यून रकममा सम्झौता भई निर्धारित समयमा कार्य सम्पन्न गरी सौर्य ज्योति कन्स्ट्रक्सन प्रा लि लाई भुक्तानी गरेको छ। सोही आयोजनाको सेल्ले हजारे सडकमा ०+००० देखि ४+७०० सम्म सडक चौडा गर्ने कच्ची नाली निर्माण गर्ने, ग्याबिन जाली लगाई सडक स्तरोन्नती गर्ने कार्यको लागि रु ९२०६३५।२३ को लागत अनुमान तयार गरी रु ९०८५९९ को सम्झौता गरी अर्थ बर्क र ग्याबिन जालीको काम गराई रु ७९३०१८। भूमिका कन्स्ट्रक्सनलाई भुक्तानी गरेको छ । प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधिमा ठेक्का लगाएर बाँकी रहेको रकम खर्च गर्न पाईने व्यवस्था छैन् । तसर्थ प्रदेश सरकारको हिस्सा ५० प्रतिशतले हुने रु ३९६५०९। प्रदेश सरकारलाई फिर्ता गरी प्रतिस्पर्धा वेगरको कार्यबाट परेको वित्तीय थप व्यपभार एकिन गरी असुल गर्ने र सार्वजनिक खरिद नियमावली अनुसार Variation Order जारी गरेर काम गराउन सक्ने अवस्थामा सोझै प्रतिस्पर्धा वेगर खरिद गरेको रकम नियमित नदेखिएको समेत रु

| | |
|---|---|
| अनियमित भएको | ७,९३,०१८ |

६८ **प्रदेश विशेष अनुदान:**

प्रदेश विशेष अनुदान तर्फ यो वर्ष रु १००००००० । बजेट व्यवस्था भै रु १००००००० । निकासा भएकोमा वर्षको अन्तसम्म रु ७९४१४०५। खर्च भएकोमा देखिएका व्यहोरा निम्न छन् ।

६८.१ **अनुदान फिर्ता :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **२,०५८,५९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६८.२ **नयाँछाप पुरानोछाप धमलागाउँ पुजारीडाँडा क्षेत्रीगाउँ बाहुनगाउँ खानेपानी आयोजनाः**

नयाँछाप पुरानोछाप धमलागाउँ पुजारीडाँडा क्षेत्रीगाउँ बाहुनगाउँ खानेपानी आयोजना निर्माण गर्न कूल लागत अनुमान कन्टिन्जेन्सी मूल्य अभिवृद्धिकर समेत रु ८७०३६१२।०३ रहेकोमा रु ६८४९७००।७३ अर्थात २१.३० प्रतिशत घटीमा काम सम्पन्न गर्नेगरी मिति २०८०।८।२८ मा मिति २०८१।२।३० भित्र सम्पन्न गर्नुपर्ने गरी सम्झौता भएको छ।कार्यसम्पन्न सो अन्तर्गत Tank, Intake, Pipeline, ग्याबिन बाल लगाउने ट्याङ्की घेरावार गर्ने गर्ने गरी सम्झौता भएको छ। कार्य सम्पन्न भएको भनी भुक्तानी भएपछि सोही

स्थानमा विशेष अनुदानबाट प्राप्त भएको रकम ठेक्का लगाउँदा बचत हुन गएको भनि भौचर नम्बर २०-०८१।३।१९ बाट चेनेज र सेक्सन नखुलाई ४६०० मिटर पाईप खरिद गरी जडान गर्ने पाइप पुर्ने कार्य वापत सोही विल्डर्सलाई लागत अनुमान रु ९२४३७८।२१ मा रु ९१२७१२। को काम गराई प्रतिस्पर्धा वेगर खरिद गरी भुक्तानी गरेको छ।यस्तो प्रकारको कार्य सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ अनुसार भेरियसन आदेश मार्फत साविकको दर अनुसार प्रतिस्पर्धाबाट काम गराउन सकिने व्यवस्था विपरित सोझै निर्माण कार्य गरेको छ। साविकमा २१.३० प्रतिशत घटी कबोल गरेकोमा सो अनुसार वार्ता गरी मूल्य घटाउन प्रयास नगरेकोले रु १९६८९२।५५ थप व्ययभार परेको रकम असुल गर्नुपर्ने देखिन्छ । त्यसैगरी विशेष अनुदानबाट प्राप्त रकम निर्धारित परियोजनामा पटक पटक खरिद गर्न सक्ने व्यवस्था नभएकोले सो एकिन गरी फिर्ता गर्नुपर्ने भए फिर्ता गर्नुपर्ने र यसरी एकै स्थानमा दोहोरो मापदण्ड अपनाई खरिद गरेको नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९,१२,७१२ |

६९ **शिक्षा तर्फ : यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम छन् –**
**शैक्षिक गुणस्तर अभिवृद्धि, नियमन एवं पूर्वाधार व्यवस्थापन**

६९.१ **शिक्षकको तलब भत्ता -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन२०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । समानीकरण अनुदान पुँजीगत असमानता कम गर्ने प्रयोजनका लागि मात्र खर्च गर्नुपर्छ । सो रकम शिक्षकको तलब भत्तामा खर्च लेख्न मिल्ने देखिदैन । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै अन्य स्रोतबाट तलब भत्ता व्यहोरेका१९ विद्यालयका निजी स्रोतका शिक्षकलाई समानीकरण अनुदानबाट वर्षमा रु १०६९००४७ तलब भत्ता भुक्तानी गरेको देखिन्छ । पालिकाले करारमा शिक्षक नियुक्ति गरी खर्च लेख्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

६९.२ **शैक्षिक गुणस्तर अभिवृद्धि, नियमन एवं पूर्वाधार व्यवस्थापन**

**(क) सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर :** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ मा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

**(ख) विद्यालयको अनुगमन नियमन व्यवस्था :** राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याकंन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् ।पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

**(ग) निजि विद्यालय व्यवस्थापन र शुल्क निर्धारण :** राष्ट्रिय शिक्षा नीति २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक शिक्षकको सेवा शर्त तथा सुविधा शुल्कको सीमाको पालना आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत यकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन रहेका ५ निजी

विद्यालयहरूको शुल्क निर्धारण र त्यसको कार्यान्वियनको अनुगमन गरेको छैन । विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको नियमित अनुगमन गर्ने व्यवस्था मिलउनुर्दछ ।

**(घ) विद्यालयको भौतिक पूर्वाधार व्यवस्था :** पालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

**(ङ) बिद्यालयहरुको लेखापरीक्षण :** पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यबस्था छ । पालिका अन्तर्गत ७३ सामुदायिक विद्यालयहरु रहेकोमा आ.व. २०८०।८१ को अन्तिम लेखापरीक्षण अवधिसम्म सबै लेखापरीक्षण नगराएको बिबरण प्राप्त भएको छ । अतः कार्यालयबाट अनुदान जाने सम्पूर्ण बिद्यालयहरुको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी पालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ।

**(च) अनुगमन :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वौकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धि निश्चित मापदण्ड निर्धारण गरी सोहि अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन। यस सम्बन्धमा शिक्षा शाखा संग छलफल गर्दा जनशक्तिको अभावमा सबै विद्यालयहरुको समानुपातिक ढंगले अनुगमन गर्न नसकेता पनि समिति बनाई आलोपालो रुपमा अनुगमन तथा सुपरिवेक्षणको प्रयास भईरहेको जनाएको छ । पालिकाले अनुगमन सम्बन्धि निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नु पर्दछ ।

६९.३ **विज्ञान प्रयोगशाला अनुदान :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१,३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७० **स्वास्थ्य तर्फ:**

७०.१ **न्यानो झोला :** पालिकाले सार्वजनिक खरिद ऐन तथा स्वास्थ्य कार्यक्रम संचालन मार्गदर्शनले तोकेको विधिअनुसार स्वास्थ्य विभाग, परिवार स्वास्थ्य महाशाखाले तोकेको स्पेसफिकेशनको न्यानो झोला स्थानीय स्तरमा उत्पादन वा न्यानो झोला उत्पादक/वितरकबाट न्यानो झोला खरिद गर्नु पर्दछ र बर्थिङ सेन्टरमा वितरण गरी सुत्केरी भए पश्चात तुरुन्त नवजात शिशु तथा आमालाई न्यानो नयाँ लुगा लगाउने व्यवस्था मिलाउनु पर्दछ । प्रसुती भए पश्चात सम्बन्धित आमा र बच्चालाई न्यानो झोला वितरण गर्दा अनुसूची ११ बमोजिमकोभरपाईको प्रतिलिपि अभिलेखको लागि अनिवार्य रुपमा राख्नु पर्नेछ । न्यानो झोला कार्यक्रम अन्तर्गत ३०० थान न्यानो झोला खरिद गरेकोमा निम्नानुसारको देखियो ।

| गो.भौ.नं./मिति | फर्मको नाम | न्यानो झोलाको सङ्ख्या | मूल्य (मुअकरसमेत) |
|---|---|---|---|
| ६६।२०८१।०१।०२ | मेडिगोल्ड इन्टरनेशनल | ३०० | २९७००० |

न्यानो झोला आपुर्ति भै सकेपछि पालिकाले specification अनुसार गुणस्तार भए नभएको यकिन गर्न आधिकारीक तहबाट गुणस्तर चेक जाँच गराई भुक्तानी दिनुपर्दछ । खरिद गरेकोमा पालिकाबाट गुणस्तर चेक जाँच भएको पाइएन ।अघिल्लो आर्थिक वर्षमाहरूमा बर्थिङ सेन्टरहरूमा सुत्केरी सेवा लिएको सङ्ख्या तथा स्वास्थ्य संस्थाहरूबाट माग भएको आधारमा न्यानो झोलाको आवश्यकता यकिन सो को आधारमा खरिद गर्नुपर्नेमा पालिकाले आ. व. २०७८।७९ मा ३८ वटा संस्थागत सुत्केरी सङ्ख्या रहेको तथा विभिन्न स्वास्थ्य संस्थाहरूमा ७५ थान स्टक रहेको अवस्थामा पालिकाले थप ३०० थान खरिद गरको पाइयो । खरिद गरी लामो समय भण्डार गर्दा गुणस्तरमा ह्रास आउन सक्ने हुँदा आवश्यकता पहिचान गरेर मात्र खरिद गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

७०.२ **औषधी खरिदतथा व्यवस्थापन:**सार्वजनिकखरिदनियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष बोलपत्र र सोझै खरिद मार्फत देहायको औषधि खरिद गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

| गो.भौ.नं./मिति | कार्यक्रम | फर्मको नाम | खर्च रु. | कैफत |
|---|---|---|---|---|
| ४०/२०८०-१०-१६ | औषधि खरिद | सोहन मेडिहेल्थ | ७,९९,४६८ | बोलपत्र |
| ६६/२०८१-०१-०२ | औषधि खरिद | मेरीगोल्ड प्रालि | ३,०३,६७२ | इबिडिङ |
| ८६/२०८१-०२-१७ | औषधी तथा औषधीजन्य सामाग्रीहरुको खरिद | सेतीदेवी मेडिसीन | ३,९४,६९९ | |
| २६-२०८०/६/२३ | आयुर्वेदिक औषधी | काठमाण्डौ आयुर्वेद डिष्टिव्युटर्स प्रा लि | ५००००० | ब्याच नं र म्याद नाघ्ने मिति उल्लेख नभएको |
| ५०-२०८०/६/२५ | पशु मेडिसिन | कुवेर फर्मा भेट | ७९६६७६ | ब्याच नं र म्याद नाघ्ने मिति उल्लेख नभएको |
| ११२-२०८०/१०/१६ | औषधी खरिद | बासुकी मेडिसिन सप्लायर्स | ९९७२७७ | ब्याच नं र म्याद नाघ्न मिति उल्लेख नभएको |

(क) खरिद गरेका औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।

(ख) आपूर्ति हुने औषधि WHO सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधीको प्याकेटमा निःशुल्क वितरणको लागि भनि खुलाएको प्रमाण समावेश नभएको ।

(ग) आपूर्तिभएकाऔषधीएंवसर्जिकलसमानस्टोरदाखिलाहुनुअघिस्पेशीफिकेशनअनुसारभए/ नभएकोप्राविधिकबाटजाँचनगरेकोनखुलाएकोकारणऔषधिकोगुणस्तररम्यादसम्बन्धमायकिनगर्नसकिएन।

(घ) औषधिकोजिन्सीकितावमाआम्दानीबाँध्दाखरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, पालिका बाट निशुल्क वितरणको लोगो नभएको ।

(ङ) औषधिकोआवश्यक्तानिर्धारणगर्दाविगतकोविरामीसंख्या, जिल्ला स्वास्थ्य कार्यालय वा नेपाल सरकारको अन्य कार्यालयबाट प्राप्त हुने औषधि सरकारले निशुल्क वितरण गर्ने भनि घोषणा गरेका औषधि, गैर सरकारी संस्थाबाट प्राप्त हुने भएमा सो समेत यकिन गरी तथ्याङ्कको आधारमा मात्र खरिद गर्नु पर्नेमा तथ्यांङ्क वेगर पटके रुपमा खरिद गर्ने, खरिद गरेका औषधि खरिद गरेको छोटो समय मै खर्च देखाउने, पालिकाद्धारा वा सरकारबाट निशुल्क वितरण गर्ने भनि उल्लेख नगर्ने, औषधिको ब्याच नंबर, म्याद समाप्त हुने मिति नखुलाई खरिद र भुक्तानी गरेकोले यस्तो भुक्तानी पारदर्शि र प्रतिस्पर्धि हुने नसकेको ।

स्टोरमाऔषधिभण्डारणकोअवस्थातथामौज्दात हेर्दा खरिद तथा प्राप्त भएअनुसारको औषधि रहेको विश्वस्त हुन सकिने आधार छैन । पालिकाबाट औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको छ । स्वास्थ्य चौकीमा औषधी पुगेपछि केस रजिष्टरको आधारमा औषधी खर्च गरी औषधिको मौज्दात यकिन गर्ने व्यवस्था मिलाउनु पर्दछ । पालिकाबाट औषधी

वितरणको अनुगमन समेत गर्नुपर्दछ । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए/नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७१ **विपद कोषबाट खर्च :**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन¸२०७४ को दफा २८ प्रचलित कानून बमोजिम स्थानीय तहलाई प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागि प्रास भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नु पर्ने व्यवस्था छ । विपदबाट मानवीय तथा भौतिक क्षतिलाई न्यूनीकरण गर्न स्थानीय तह सञ्चालन सम्बन्धी आदेश, २०७४ बमोजिम गाँउपालिकाको कोषमा जम्मा भएको रकमलाई विपद् कोष खडा गरी सोही कोष मार्फत प्रभावकारी खर्च गर्नको लागि पालिकाले नेत्रावती डबजोङ गाउँपालिकाको विपदकोष व्यवस्थापन कार्यविधि २०७४ लागु गरेको छ । सो कार्यविधिको परिच्छेद पाँचको बुँदा नं (३) मा कोषमा जम्मा भएको रकम विपद व्यवस्थापनका लागि बाहेक अन्य प्रयोजनमा खर्च गर्न नपाइने उल्लेख छ । पालिकाले उपभोक्ता समिति मार्फत निर्माण भइरहेको किन्ताङ खोलाको बेलिब्रिजका लागि खनियाबास गाउँपालिकाको खातामा रु १६ लाख निकासा गरेको छ । नियमविपरित पालिकाले विपद कोषबाट विपद व्यवस्थापन बाहेक नियमित प्रकृतिको कार्यको लागि खर्च लेखेको र पालिकाको योगदान सम्बन्धमा उक्त पुल निर्माण कार्यको कार्यसम्पादन उल्लेख वेगर खर्च लेखेकोले उक्त रकम अन्य कोषबाट विपद व्यवस्थापन कोषमा राखि नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १६,००,००० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : नेत्रावती डवजोङ गाउँपालिका, धादिंग , नेत्रावती डबजोङ गाउँपालिका , धादिङ

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | हरेराम साह | २०७८-१२-४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | टिकाराम अधिकारी | २०७७-७-२७ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,०१०,७५५.४३ | ११,२०५,९५० | २२,५३४,०४१.१२ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३६,७५०,७४६.५५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २१,४१३,१९९.३२ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १५,३३७,५४७.२३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ५०८८४९३०.५७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३१४४२८४११.५९ | चालु खर्च | २९९२१०३१४.७९ |
| प्रदेश सरकारबाट अनुदान | ५७३७३००० | पूँजीगत खर्च | १४९२६६३६४ |
| राजश्व बाँडफाँट | ६७२६२३६१.८५ | वित्तीय/अन्य व्यवस्था | १४३०८४३६.०५ |
| आन्तरिक आय | ५१२०७७३.५१ | | |
| अन्य आय | १७५९३११३.६४ | | |
| कुल आय | ४६१७७७६६०.५९ | कुल खर्च | ४६२७८५११४.८४ |
| बाँकी मौज्दात | | ४९८७७४७६.३२ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

• वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।

• आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

• स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

• भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।

• अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।

• एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

• खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

• पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

• आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

• एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

• बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

• पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

• कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

• उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

• जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

• कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु

हुँदैन।

• सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

• आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।

• वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

• सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

• सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

• सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

• जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।

• जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

• सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

• सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।

• सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

• स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल हुनुपर्दछ ।